वर्ष २० | अंक ८९ | काठमाडौं | सोमवार, ८ पुस २०८१ | Monday, 23 December 2024 | पृष्ठ ८+४ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com



पोखरामा दोस्रो 'नेपाल–चीन मैत्री ड्रागन बोट रेस' आयोजना हुँदै २
अर्थतन्त्रमा आर्थिक उदारीकरणको प्रभाव ४
एक तिहाइमा खुम्चियो औद्योगिक उत्पादन ११
नबिल बैंकद्वारा अस्थायी आवास हस्तान्तरण १२

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं !

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन,
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ,
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं,
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं,
- धुम्रपानले तपाई र तपाईको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुर्‍याउँछ ।

त्यसैले, धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मह आयात खुलाउन सरकारलाई डाबर नेपालको आग्रह

**प्रशान्त खड्का**

काठमाडौं

सरकारले विदेशी महको आयात अनुमति रोकिरहेकोमा भारतीय बहुराष्ट्रिय कम्पनी डाबर नेपालले उक्त प्रतिबन्ध फुकाइदिन सरकारलाई औपचारिक आग्रह गरेको छ ।

कम्पनीले गत भदौमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई पत्र लेख्दै मह आयात खुला गरिदिन आग्रह गरेको थियो भने हालै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पनि आयात अनुमति खुलाउन पत्राचार गरेको सम्बद्ध मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।

स्वदेशी मह विक्री नभएर मौज्दात बढ्दै गएपछि सरकारले गत वैशाखमा मौज्दात नसकिएसम्मका लागि विदेशी महको आयात अनुमति रोक्न खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागलाई निर्देशन दिएको थियो । त्यसपछि उद्योगी व्यवसायीले विदेशबाट मह आयात गर्न पाएका छैनन् ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयकी प्रवक्ता डा. मतिना जोशी वैद्यले गत भदौमा डाबर नेपाललगायत केही उद्योगले उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थको अभाव भएको भन्दै विदेशबाट मह आयातमा सहजीकरण गरिदिन मन्त्रालयलाई पत्र लेखेको बताइन् । उनका अनुसार मन्त्रालयले पनि वर्तमान अवस्थामा स्वदेशी महको उत्पादन, मौज्दात र उद्योगलाई चाहिने कच्चा पदार्थको आवश्यकताका विषयमा अध्ययन गर्न प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका प्रमुख भोजराज सापकोटको संयोजकत्वमा समिति बनाएको थियो ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव बाबुराम अधिकारीले पनि डाबर नेपालले मह आयात खुलाउन आफ्नो मन्त्रालयलाई पत्र पठाएको बताए ।

उनका अनुसार स्वदेशी महको गुणस्तर र मूल्य माथि प्रश्न उठाउँदै डाबर नेपालले आफ्नो उत्पादनको कच्चा पदार्थका लागि स्वदेशी मह उपयुक्त नभएको भनेर आयात खुलाउन पत्र पठाएको हो ।

'मन्त्रालयले पनि डाबर नेपाललाई नेपाली महसमेत किन्नुपर्ने प्रस्ताव गरेको छ । यद्यपि, डाबरले भने नेपाली मह उद्योगले चाहेअनुसारको गुणस्तरको नभएको र महँगो भएको भन्दै आएको छ । उसले भारतबाट सस्तो मूल्यमा मह आयात गर्ने गरेको छ,' अधिकारीले आर्थिक अभियानसँग भने । 'मह कच्चा पदार्थका रूपमा उपयोग गरिने हुँदा आफ्नो मापदण्डअनुसारको नभएमा उत्पादित वस्तु बिग्रन सक्ने र आफ्नो ब्रान्डबारे मानिसको सोचाइमा नराम्रो प्रभाव पार्नसक्ने खतरा रहेको डाबरको भनाइ छ ।'



- कम्पनीले गर्‍यो, कृषि र वाणिज्य मन्त्रालयलाई पत्राचार
- गत वैशाखमा मौज्दात नसकिएसम्मका लागि विदेशी महको आयात अनुमति रोक्न खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागलाई निर्देशन दिइएको थियो
- नेपाली मह उद्योगले चाहेअनुसारको गुणस्तरको नभएको र महँगो भएको डाबरको दाबी
- मह कच्चा पदार्थका रूपमा उपयोग गरिने हुँदा आफ्नो मापदण्डअनुसारको मह नभएमा उत्पादित वस्तु बिग्रन सक्ने डाबरको डर
- यद्यपि कम्पनीले हालसम्म ४५ मेट्रिक टन मह नेपाली किसानबाट किनिसकेको नेपाल मौरीपालन महासंघको दाबी

डाबर नेपालले भने यस विषयमा प्रतिक्रिया दिन मानेन । यतिबेला स्वदेशी महको मौज्दात रित्तिसकेको छ भने नयाँ सिजनको मह उत्पादन हुने क्रम जारी रहेको नेपाल मौरीपालन महासंघले बताएको छ ।

विदेशी महको मूल्यसँग प्रतिस्पर्धा गर्न नसकेर गतवर्ष किसानले उत्पादन गरेको करीब ३ हजार २०० मेट्रिक टन मह खेर जाने अवस्था सृजना भएपछि महासंघको दबाबमा मन्त्रालयले आयात अनुमति रोकेको थियो ।

नेपालमा वार्षिक करीब ५ हजार मेट्रिक टन मह उत्पादन हुन्छ । तर, नेपाली बजारमा प्रत्येक वर्ष करीब ८ हजार मेट्रिक टन महको माग हुन्छ । मागभन्दा उत्पादन ३ हजार मेट्रिक टन कम भए पनि नेपाली मह बेच्नै मुश्किल पर्ने गरेको छ ।

महासंघका अध्यक्ष सुवासचन्द्र घिमिरेले सरकारले गरेको प्रस्तावअनुसार डाबर नेपालले गतवर्ष मौज्दात रहेको महमध्येबाट १ सय मेट्रिक टन मह किन्ने सहमति गरेको बताए ।

उनका अनुसार उक्त सहमतिअनुसार डाबर नेपालले हालसम्म ४५ मेट्रिक टन मह नेपाली किसानबाट किनिसकेको र बाँकी मह किन्ने प्रक्रियामा रहेको छ ।

**चालू आर्थिक वर्षको पहिलो ४ महीना र अघिल्ला आवको सोही अवधिमा नेपालमा मह आयातको अवस्था**

| आर्थिक वर्ष | मह आयात (रूपैयाँ) |
|---|---|
| २०८१/८२ | रू ५ करोड ९४ लाख |
| २०८०/८१ | रू ६ करोड ८४ लाख |
| २०७९/८० | रू ७ करोड ९४ लाख |
| २०७८/७९ | रू १४ करोड ४७ लाख |

*स्रोत : भन्सार विभाग*

सरकारले बनाएको अध्ययन समितिका सदस्यसमेत रहेका घिमिरेले उद्योगी व्यवसायीले भारतबाट सस्तो मूल्यमा मह आयात गर्दा स्वदेशी किसान मर्कामा पर्ने गरेको बताए । 'हाम्रो उत्पादन लागत प्रतिकिलो ४ सय रुपैयाँ छ । तर, उद्योगीले भारतबाट २ सय रुपैयाँमै आयात गर्छन् । सोही कारण हाम्रो मह बेच्न समस्या भएको हो,' उनले भने ।

यदि, उद्योगीलाई आयात गर्न दिने हो भने पनि प्रत्येक ३ महीनामा १२५ मेट्रिक टनभन्दा बढी आयात गर्न दिनु हुँदैन । उद्योगधन्दा पनि चलायमान बनाउनुपर्ने हुँदा यदि आयात गर्नैपर्ने भएमा मौरी विकास केन्द्रको सहमति लिनुपर्ने नीति बनाउनुपर्छ,' उनले भने ।

नेपाली उद्योगी व्यवसायीले भारत र न्यूजील्यान्डलगायत मुलुकबाट मह आयात गर्ने गरेका छन् । नेपालमा ४२ जिल्लामा मौरी पालन हुने गर्छ । ती जिल्लाबाट महासंघमा हालसम्म १३ हजार ८०० किसान संलग्न छन् ।

# भटमास र सूर्यमुखी तेलको निर्यातमा उच्च वृद्धि

**विजय दमासे**

काठमाडौं

भारतले अन्य देशबाट आयात गरिने कच्चा भटमासको तेल, सूर्यमुखी तेल र पाम तेलमा भन्सार बढाएपछि शून्य भन्सारको सुविधाका कारण नेपालबाट प्रशोधित भटमास र सूर्यमुखी तेलको निर्यात ह्वात्तै बढेको छ । भन्सार बढाए पनि पाम तेलको निर्यातमा भने गिरावट आएको भन्सार विभागले बताएको छ ।

भारतले गत सेप्टेम्बरको शुरुमै कच्चा भटमास, सूर्यमुखी तेल र पाम तेलमा लाग्दै आएको भन्सारदर शून्यबाट बढाएर २० प्रतिशत पुर्‍याएको थियो । तर, अन्य करसहित कच्चा तेल आयातमा लाग्ने जम्मा करको दर २७ दशमलव ५ प्रतिशत हुने भारतीय सरकारले बताएको छ । नेपाल-भारतबीच भएको व्यापार सन्धिअनुसार नेपालले शून्य भन्सारमा भारतमा सामान निर्यात गर्न पाउँछ । त्यसैको फाइदा उठाउँद नेपाली व्यापारीले यी तेल प्रशोधन गरी भारत निर्यात बढाएका हुन् ।

भन्सार विभागले आइतवार सार्वजनिक गरेको तथ्यांकअनुसार चालू आर्थिक वर्ष (आव) २०८१/८२ मा नेपालले भटमासको तेल ८ अर्ब ३६ करोड रुपैयाँ बराबरको निर्यात गर्‍यो । गत आवको सोही अवधिमा यस्तो निर्यात ३६ करोड ३१ लाख रुपैयाँ बराबर थियो ।

उक्त अवधिको चालू आवमा प्रशोधित सूर्यमुखी तेलको निर्यात २ अर्ब ९७ करोड पुग्यो । सोही अवधिमा गत आवमा १४ करोड ८७ लाखको मात्र निर्यात भएको थियो । प्रशोधित पाम तेलको निर्यात गत आवको प्रथम ५ महीनामा २ अर्ब ४७ करोड रुपैयाँ रहेकोमा चालू आवको प्रथम ५ महीनामा घटेर ८५ करोड २१ लाख रुपैयाँको मात्र भएको भन्सारको तथ्यांक छ ।

» बाँकी पृष्ठ ५ मा

**सबैभन्दा बढी आयात गरिएका प्रमुख वस्तु**

| वस्तु | रकम |
|---|---|
| पेट्रोलियम पदार्थ | रू ११७ अर्ब ५६ करोड |
| आइरन तथा स्टील | रू ५४ अर्ब ४२ करोड |
| विद्युतीय उपकरण र पाटपुर्जा | रू ४५ अर्ब २५ करोड |
| सवारीसाधन | रू ४१ अर्ब |
| तरकारी, तत्जन्य वस्तु | रू १९ अर्ब |
| स्मार्टफोन | रू १० अर्ब |

**सबैभन्दा बढी निर्यात भएका वस्तु**

| वस्तु | रकम |
|---|---|
| भटमास तेल | रू ८ अर्ब ३६ करोड |
| कार्पेट | रू ४ अर्ब ९६ करोड |
| अलैंची | रू ३ अर्ब ४५ करोड |
| सूर्यमुखी तेल | रू २ अर्ब ९७ करोड |
| चिया | रू २ अर्ब ७१ करोड |

*स्रोत : भन्सार विभाग*

# नागरिक उड्डयन प्राधिकरण टुक्राउन प्रक्रिया अघि बढ्यो

**अभियान संवाददाता**

काठमाडौं

- नेपाल हवाई सेवा प्राधिकरण स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक संघीय संसद्मा पेश गर्न मन्त्रिपरिषद्ले दियो स्वीकृति
- नेपाल नागरिक उड्डयनसँग सम्बद्ध कानून संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८१ समेत संघीय संसद्मा पेश गरिने

सरकारले नागरिक उड्डयन प्राधिकरण टुक्राउने प्रक्रिया अघि बढाएको छ । पुस ५ को मन्त्रिपरिषद् बैठकले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवाप्रदायकका रूपमा विभाजन गर्ने र हवाई सुरक्षामा सुधार गर्ने उद्देश्यले दुई विधेयक संघीय संसद्मा पेश गर्न स्वीकृति दिएको हो । ती विधेयक हुन्– नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१ तथा नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक, २०८१ । हवाई सुरक्षा कायम गर्ने क्षमतामा प्रश्न उठाउँदै नेपाली एयरलाइन्सहरूलाई यूरोपेली संघ (ईयू)ले सन् २०१३ देखि यूरोपको आकाशमा उडान प्रतिबन्ध लगाउँदै आएको छ ।

लामो समयसम्म पनि ईयूले नेपाली एयरलाइन्सलाई उक्त प्रतिबन्धबाट नहटाउनुमा अन्य हवाई सुरक्षा कमजोरीका अतिरिक्त नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) नियामक र सेवादाताका रूपमा विभाजन नहुनुलाई औंल्याउँदै आएका बेला सरकारको उक्त निर्णय आएको हो । पाकिस्तानले आफ्नो नागरिक उड्डयन प्राधिकरणलाई तीन छुट्टै संस्थामा विभाजन गरेको ३ महीनापछि यूरोपेली संघ एभिएशन सेफ्टी एजेन्सी (ईएएसए)ले पाकिस्तान इन्टरनेशनल एयरलाइन्समाथिको यूरोप उडान प्रतिबन्ध हटाएपछि नेपालको यो कदमबाट नेपाली एयरलाइन्सलाई पनि यूरोप उडान प्रतिबन्ध हट्नसक्ने आशा सरकारको छ ।

» बाँकी पृष्ठ ५ मा

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।










## सूर्यदर्शन सहकारीको डेढ अर्ब अपचलन

# रवि लामिछानेसहित ३१ जना र ८ कम्पनीविरुद्ध मुद्दा दायर

**यादव हुमागाई**

काठमाडौं

पोखरास्थित सूर्यदर्शन बचत तथा ॠण सहकारी संस्थामा रहेको सर्वसाधारणको डेढ अर्ब रुपैयाँभन्दा बढी रकम अपचलन गरेको भन्दै सरकारले पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछानेसहित ३१ जना र पाँच कम्पनीविरुद्ध मुद्दा दायर गरेको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीले आइतवार जिल्ला अदालत कास्कीमा उनीहरूविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण गरेको आरोपमा मुद्दा दायर गरेको हो ।

सरकारी वकिलको कार्यालयले लामिछानेले सहकारीको बचत रकम अपचलन गरी आफूअनुकूल खर्च गरेको र आफूनिकट व्यक्तिबाट सम्पत्ति शुद्धीकरणसमेत गरेको आरोप लगाएको छ । लामिछानेका साथै छविलाल जोशी, रामबहादुर खनाल र लीला पछाईले सहकारीको रकम दुरुपयोग गरेको भन्दै सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण गरेको अभियोग लगाइएको छ । यसैगरी पछाई र विक्रम राईले सहकारीको रकम क्रिप्टोकरेन्सीमा लगाएको भन्दै नेपाल राष्ट्र बैंक कसुरमा पनि मुद्दा दर्ता भएको छ ।

यसैगरी दीपेशकुमार पुन, नेत्रपाणि बास्तोला, देवेन्द्रबाबु राई, विज्ञान राई, विशाल तामाङ, नवीन अछामी, रविना रिमाल, असरफ अलि सिद्दिकी, दीपक लामा, अनन्तबाबु राई, ओमप्रकाश गुरुङ, वीरबहादुर रानाभाट, दीपा न्यौपाने, कल्पनाकुमारी श्रेष्ठ र लक्ष्मीप्रसाद पौडेललाई सहकारी ठगी र संगठित अपराधको मुद्दा लगाइएको छ । यस्तै सहकारीका सञ्चालकहरू ज्ञानबहादुर बमजन, मीना गुरुङ, सूर्यध्वज न्यौपाने, आरती गुरुङ, लीलाबहादुर गुरुङ, पेशलकुमार राई, कृष्णबहादुर गुरुङ, देव नेपाली, शकुन्तला गुरुङ, मिस्रीकुमारी गुरुङ, रितु ताम्राकारलाई भने सहकारी ऐन २०७४ को कसुरविरुद्ध मात्र मुद्दा दायर गरिएको छ । सम्पत्ति जफत गर्नका लागि लामिछानेकी श्रीमति निकिता पौडेलका साथै पद्मा बञ्जाडे जोशी र छोरा रोचक जोशीलाई प्रतिवादी बनाइएको छ । पछाइकी आमा राधा पछाई र दिदी गीता पछाईको पनि सम्पत्ति जफत गर्नुपर्ने अभियोगपत्रमा उल्लेख छ ।

सहकारीको पैसा कम्पनीमा अपचलन गरिएको भन्दै गीतेन्द्र बाबु (जिबी) राई अध्यक्ष रहेका आठओटा कम्पनीलाई पनि प्रतिवादी बनाइएको छ । यसअघि जिल्ला सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको १ अर्ब ११ करोड अपचलन भएको भन्दै जिल्ला अदालत कास्कीमा १९ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । उक्त मुद्दामा लामिछानेलाई उन्मुक्ति दिएको भन्दै विरोध भएपछि प्रहरीले पूरक उजुरी लिएर पुनः अनुसन्धान गरेको हो ।



सांसद सूर्य थापाको संयोजकत्वमा बनेको 'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन समिति' ले सहकारीको पैसा गोरखा मिडियामा लगेर अपचलन गरेको भन्दै लामिछानेसहितलाई कारबाही गर्न सिफारिश गरेपछि प्रहरीले पुनः अनुसन्धान गरेको हो । जोशीलाई असोज ६ गते र लामिछानेलाई कात्तिक २ गते पक्राउ गरिएको थियो ।

अभियोगपत्रमा लामिछानेको २७ करोड ८९ लाख ४४ हजार ७०५ रुपैयाँ सम्पत्तिको स्रोत खुल्न नसकेको भन्दै उक्त बिगो असुलउपर गरी सूर्यदर्शनका बचतकर्तालाई भराउनुपर्ने माग छ । यस्तै लामिछानेको अंशबन्डाबाट प्राप्त काभ्रेपलाञ्चोक नाल्दुम बालुवापाटी-९ को जग्गा र श्रीमति निकिताको नाममा रहेको काठमाडौं बूढानीलकण्ठको घरजग्गासमेत जफत गर्न माग गरिएको छ । पछाईको पनि २४ करोड ६७ लाख ७ हजार ३४ रुपैयाँ सम्पत्तिको स्रोत खुल्न नसकेको भन्दै एकाघरका परिवारमा दिदी गीता पछाई र आमा राधा पछाईको नाममा रहेको सम्पत्तिसमेत जफतको माग गरिएको छ । अर्का आरोपी खनालले १४ करोड ३० लाख ९१ हजार ९११ सम्पत्ति शुद्धीकरण गरेको अभियोग छ । यस्तै जोशीले ७४ करोड ३४ लाख ७१ हजार ५५ रुपैयाँ ५२ पैसा शुद्धीकरण गरेको भन्दै परिवारका सदस्य श्रीमति पद्मा बञ्जाडे जोशी र रोचक जोशीको नाममा रहेको चलअचल सम्पत्ति जफतको माग गरिएको छ । सरकारी वकिलको कार्यालयले ४४७ पृष्ठको अभियोगपत्रसँगै २५८४ ओटा प्रमाणसमेत पेश गरेको बताएको छ ।

**प्रतिवादीहरू**

| | |
|---|---|
| छविलाल जोशी | विज्ञान राई |
| लीला पछाई | वीरबहादुर रानाभाट |
| रवि लामिछाने | दीपा न्यौपाने |
| रामबहादुर खनाल | कल्पनाकुमारी श्रेष्ठ |
| देवकुमार नेपाली | नेत्रपाणि बास्तोला |
| ओमप्रकाश गुरुङ | दीपेशकुमार पुन |
| लीलाबहादुर गुरुङ | विश्वविक्रम राई |
| कृष्णबहादुर गुरुङ | लक्ष्मीप्रसाद पौडेल |
| ज्ञानबहादुर बम्जन | गोरखा मिडिया नेटवर्क |
| मीना गुरुङ | नेचर हर्ब्स इन्टरनेशनल |
| सूर्यध्वज न्यौपाने | नेचर नेस्ट प्रालि |
| आरती गुरुङ | जीबी ग्रूप अफ कम्पनी |
| पेशलकुमार राई | गोर्खा ग्रूप मल्टी इन्भेष्टमेन्ट |
| शकुन्तला गुरुङ | मन्दरा स्पा एन्ड वेलनेश |
| मिस्रीकुमारी गुरुङ | स्प्रीङ उड रियल इस्टेट |
| रितु ताम्राकार | नेपाल श्री मल्टीमिडिया ८ |
| विशाल तामाङ | पद्मा बञ्जाडे जोशी (सम्पत्ति जफत प्रयोजनार्थ) |
| नवीन अछामी | रोचक जोशी (सम्पत्ति जफत प्रयोजनार्थ) |
| रविना रिमाल | राधा पछाई (सम्पत्ति जफत प्रयोजनार्थ) |
| असरफ अलि सिद्दिकी | गीता पछाई (सम्पत्ति जफत प्रयोजनार्थ) |
| दीपक लामा | निकिता पौडेल (सम्पत्ति जफत प्रयोजनार्थ) |
| अनन्तबाबु राई | |
| देवेन्द्रबाबु राइ | |

**नेपाल फाईनान्स लिमिटेड**
**Nepal Finance Limited**
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत पत्र प्राप्त संस्था"
**मुख्य कार्यालय :** कमलादी, पुतलीसडक, काठमाण्डौ
**फोन नं.:** ०१-४५४५८८५/०१-४५४५८८६
इमेल: info@nepalfinance.com.np वेभसाइट: www.nepalfinance.com.np

## ३२ औं बार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८**

**आदरणीय शेयरधनी महानुभावहरु**

यस वित्तीय संस्थाको मिति २०८१/०९/०७ गते बसेको सञ्चालक समितिको ३९४औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको ३२औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति : २०८१ साल पौष २९ गते (तदनुसार १३ जनवरी २०२५) सोमबार ।
स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
(Nepal Administrative Staff College, Jawalakhel, Lalitpur).
सभा शुरु हुने समय : विहान ९:३० बजे ।

**छलफलका विषयहरु:**

**(क) साधारण प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०८०/०८१ को वासलात, २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संस्थाको नियमावली अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**पुनश्च:** बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी एवम् संचालक निवार्चन सम्बन्धी कार्यक्रम संस्थाको आधिकारिक website : www.nepalfinance.com.np मा प्रकाशित गरिएको व्यहोरा जानकारी गराउँदछौं । साथै शेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रीय कार्यालय कमलादी, काठमाण्डौंमा उपस्थित भई बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## नेपाल फाईनान्स लिमिटेडको ३२औं बार्षिक साधारण सभा प्रयोजनार्थ शेयर दाखिल खारेज (Book Close) कार्य बन्द बारेको सूचना

यस संस्थाको ३२औं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१७ गते १ (एक) दिनका लागि संस्थाको शेयरधनी दर्ता किताब शेयर दाखिला खारेज (Book Close) कार्य बन्द गरिने व्यहोरा शेयरधनी लगायत सम्बन्धीत सबैमा जानकारीका लागि अनुरोध गर्दछौं । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१६ गतेसम्म कारोवार भई ७ (सात) दिनभित्र यस संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेडमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त वार्षिक साधारण सभामा भाग लिन पाइने हुँदा सम्बन्धीत सबै शेयधनी तथा खरिदकर्ताहरुले सोही अनुसार गर्नु हुन अनुरोध गर्दछौ ।



**MITERI**
**Development Bank Limited**
**मितेरी डेभलपमेन्ट बैंक लिमिटेड**
Banking and beyond
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत-पत्र प्राप्त संस्था)
प्रधान कार्यालयः धरान १२, महेन्द्रपथ, धरान १२ सुनसरी, नेपाल फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np, Url: www.miteribank.com.np
को

## १९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०५ गते)**

**श्री शेयरधनी महानुभावहरु,**

यस बैंकको मिति २०८१/०९/०४ गते बसेको सञ्चालक समितिको २५१ औं बैठकको निर्णयानुसार निम्न लिखित बिषय उपर छलफल गरी निर्णय गर्न यस बैंकको १९ औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८१/०९/२७ गते
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : सुनसरी उद्योग बाणिज्य संघ, धरान १, सुनसरी

**छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचि:**

**क) सामान्य प्रस्तावहरु:**

१) संचालक समितिको तर्फवाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, २०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०८१/०८२ को हरहिसाव लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री किन्जल पोखेल, किन्जल एण्ड एसोशिएट्स, विराटनगर पुनः लेखापरीक्षणको लागि योग्य हुनुहुन्छ । )
४) संचालक समितिले शिफारिस गरे बमोजिम शेयरधनीलाई बोनश शेयर कर प्रयोजनको लागि चुक्ता पूँजीको ०.५००४ प्रतिशत (दशमलव पछि चार अंकमा शुन्यान्तर गरिएको) नगद लाभाशं रकम रु.५५,६१,७५९।३० (अक्षरेपी पचपन्न लाख एकसट्ठी हजार सात सय उनान्साठ्ठी र पैसा तीस) मात्र दिने प्रस्ताव स्वीकृत गर्ने ।

**ख) विशेष प्रस्तावहरु:**

१) संचालक समितिले प्रस्ता गरे बमोजिम आ.व.२०८०/०८१ को नाफाबाट शेयरधनीलाई चुक्ता पूँजिको ९.५०७९ (दशमलव पछि चार अंकमा शुन्यान्तर गरिएको) प्रतिशतका दरले हुने बोनश शेयर रकम रु.१०,५६,७३,४२६।६४ (अक्षरेपी दश करोड छपन्न लाख त्रिहत्तर हजार चार सय छब्विस र पैसा चौसठ्ठी)मात्र प्रदान गर्ने प्रस्ताव स्वीकृत गर्ने ।
२) बैंकले गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत गरेको रु १ लाख भन्दा बढिको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।
३) संचालको दैनिक भत्ता सम्बन्धी व्यवस्था सम्बन्धमा ।
४) "ख" वर्गको प्रादेशिक स्तरको विकास बैंकको लागि अनुमोदन गरी नेपाल रष्ट्र बैंकबाट स्वीकृत लिने सम्बन्धमा ।
५) कम्पनीको प्रवन्धपत्रमा आवश्यक परिमार्जन/संशोधन तथा थप गर्ने :
६) मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा :
 अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढि उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धी सम्पूर्ण प्रक्रिया अवलम्वन गरि कार्य अघि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
 आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
७) नियमनकारी निकायले दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८१/०९/०५ गतेको कारोबार दैनिकमा प्रकाशित सूचना हेर्नुहुन अनुरोध छ ।**


## 'गरिमा समृद्धि योजना'को सार्वजनिक निष्कासन

काठमाडौं (अस) । गरिमा विकास बैंक लिमिटेड कोष प्रवर्द्धक तथा गरिमा क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको सामूहिक लगानी कोष गरिमा म्युचुअल फण्डअन्तर्गत पहिलो बन्दमुखी योजनाको रूपमा रू. १ अर्ब बराबरको 'गरिमा समृद्धि योजना' आइतवारदेखि सार्वजनिक निष्कासन गरिएको छ । प्रतिइकाई १० रुपैयाँ दरका १० करोड इकाई निष्कासन गरिएको हो । योजना विक्री बन्द छिटोमा पुस ११ र ढिलोमा पुस २१ सम्ममा हुने बताइएको छ । इकाइ खरीदका लागि लगानीकर्ताले मेरो शेयर तथा सीआस्बा हुने सम्पूर्ण बैंक तथा वित्तीय संस्थामार्फत आवेदन दिन सकिने बताइएको छ ।




तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको भृकुटीमण्डपमा आयोजित प्याकेजिङ सामग्री मेलामा प्लास्टिक उत्पादनको अवलोकन गर्दै आगन्तुक । मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरेक्स ट्रेड पोमर एण्ड इभेन्ट्स प्रालिको आयोजनामा शुक्रवार शुरू भएको 'पाँचौं नेपाल प्रिन्टप्याक अन्तरराष्ट्रिय प्रदर्शनी तथा पाँचौं नेपाल प्लास्टटेक अन्तरराष्ट्रिय मेला' आइतवार सम्पन्न भएको छ ।**


## लिलाम विक्री सम्बन्धी ७ दिने सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/०८ गते**

यस महालक्ष्मी विकास बैंक लि. का तपसिलमा उल्लेखित शाखाबाट तपाँई ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न **मिति २०७८/१०/६ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना र मिति २०७९/०१/८ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना र २०८०/०२/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ७ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना** प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले ८औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि ७ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम वोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**कुमारीपाटी शाखा :**

१) **ऋणी : श्री गुणाँसा भू सप्लार्यस प्रा.लि. (संचालकहरु : श्री बिरेन्द्र मर्हजन/श्री विष्णु मान मर्हजन र श्री श्याम गोविन्द श्रेष्ठ)**
दर्ता नं. २२६८३४/०७६/०७७, दर्ता मिति २०७६/०६/३० (कम्पनी रजिष्ट्रारको कार्यालय)
पान नं. ६०९६४५९५२
फर्मको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ५ कुमारीपाटी

**व्यक्तिगत्त जमानीकर्ताहरु :**

(क) श्री बिरेन्द्र मर्हजन, (ना.प्र.नं. ४२२२४, जारी मिति २०४५/१२/०७ जि.प्र.का. ललितपुर)
बाबु : आसालाल मर्हजन, बाजे : आसामरु मर्हजन
ठेगाना : ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ५ कुमारीपाटी
(ख) श्री विष्णु मान महर्जन, (ना.प्र.नं. ३२०४२ जारी मिति २०४४/०९/१२ जि.प्र.का. ललितपुर)
बाबु : कृष्ण मान महर्जन, बाजे : कृष्ण बहादुर महर्जन
ठेगाना : ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ६ लेले
(ग) श्री श्याम गोविन्द श्रेष्ठ, (ना.प्र.नं. १०३२३३ जारी मिति २०५६/०९/०५ जि.प्र.का. ललितपुर)
बाबु : हरी गोबिन्द श्रेष्ठ, बाजे : पुर्ण मान श्रेष्ठ
ठेगाना : ललितपुर जिल्ला छम्पी गा.वि.स. वडा नं. ३ छम्पी
(घ) श्री सरला मर्हजन, (ना.प्र.नं. २००२५ जारी मिति २०६०/०५/२५ जि.प्र.का. ललितपुर)
बाबु : राम कुमार लिम्बु, ससुरा : आसालाल मर्हजन, पति : बिरेन्द्र मर्हजन
ठेगाना : ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १५ हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ५ कुमारीपाटी
(ङ) श्री सन्जु श्रेष्ठ, (ना.प्र.नं. २८-०१-७२-००७६३ जारी मिति २०७२/०३/०७, जि.प्र.का. ललितपुर)
बाबु : तेज कुमार श्रेष्ठ, ससुरा : पुर्ण मान श्रेष्ठ, पति : श्याम गोविन्द श्रेष्ठ
ठेगाना : काठमाण्डौ जिल्ला कागेश्वरी मनहरा न.पा. वडा नं. ७ हाल ललितपुर जिल्ला कार्यविनायक न.पा. वडा नं. १४
(च) श्री विमला महर्जन, (ना.प्र.नं. २६२८१ जारी मिति २०६१/०१/१०, जि.प्र.का. ललितपुर)
बाबु : सानुकाजी महर्जन, ससुरा : कृष्ण मान महर्जन, पति : विष्णु मान महर्जन
ठेगाना : ललितपुर जिल्ला चापागाउँ गा.वि.स. वडा नं. ४ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ६, लेले

कर्जा शिर्षक : व्यवसायीक ओभरड्राफ्ट कर्जा र हायर पर्चेज कर्जा

**धितो सुरक्षणहरुको बिबरण :**

(क) श्री राम कुमार लिम्बुको छोरी, श्री आसालाल मर्हजनको बुहारी, श्री बिरेन्द्र मर्हजनको पत्नी, ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १५ मा स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ५ कुमारीपाटी बस्ने श्री सरला मर्हजनको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला धापाखेल गा.वि.स. वडा नं. १ (नक्सा सि.नं. १/क) स्थित कि.नं. ११६३ र १७८४ को क्षे.फ. ०-२-३-० र ०-१२-२-० को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

(ख) श्री तेज कुमार श्रेष्ठको छोरी, श्री पुर्ण मान श्रेष्ठको बुहारी, श्री श्याम गोविन्द श्रेष्ठको पत्नी, काठमाण्डौ जिल्ला कागेश्वरी मनहरा न.पा. वडा नं. ७ मा स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला कार्यविनायक न.पा. वडा नं. १४ बस्ने श्रीमती सन्जु श्रेष्ठको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेका ललितपुर जिल्ला, धापाखेल गा.वि.स. वडा नं. १ (नक्सा सि.नं. १/ग) स्थित कि.नं. ४१९ र ४२३ को क्षे.फ. ०-४-०-० (१२७.१६ ब.मि.) र ०-३-२-१ को क्षे.फ. (११३.२६ ब.मि.) को घर जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

(ग) श्री कृष्ण बहादुर महर्जनको नाती, श्री कृष्ण मान महर्जनको छोरा, ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ६ लेले बस्ने श्री विष्णु मान मर्हजनको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं. ४ (नक्सा सि.नं. ४/ख) स्थित कि.नं. ५९३ को क्षे.फ ०-८-०-० (२५४.३२ ब. मिटर) भएको जग्गा तथा सो जग्गामा भविष्यमा निर्माण हुने संरचना तथा अन्य सम्पूर्ण लिगलगापात समेत ।

घ) श्री गुणाँसा भू सप्लार्यस प्रा.लि. लाई ऋणि कायम गरी यातायात व्यवस्था कार्यालय बाग्मतिमा यस महालक्ष्मी विकास बैंक लि.को नाममा दर्ता कायम रहेका निम्न सवारी साधनहरु :

| क्र.नं. | मोडल | च्यासिस नं. | इन्जिन नं. | सबारी नं. | सवारी बनेको बर्ष |
|---|---|---|---|---|---|
| १ | TERRA 16 HDR FBT TIPPER | MC2K7ERC0JH063263 | E613CDJH233608 | बा ३ क १९९९ | २०१८ |
| २ | TERRA 16 HDR FBT TIPPER | MC2K7ERC0JH063258 | E613CDJH233445 | बा ३ क १९९८ | २०१८ |
| ३ | TERRA 16 HDR FBT TIPPER | MC2K7ERC0JH063176 | E613CDJH232377 | बा ३ क १९९६ | २०१८ |
| ४ | TERRA 16 HDR FBT TIPPER | MC2K7ERC0JH063088 | E613CDJH232102 | बा ३ क १९८९ | २०१८ |
| ५ | TERRA 16 HDR FBT TIPPER | MC2K7ERC0JH063179 | E613CDJH232416 | बा ३ क १९९७ | २०१८ |
| ६ | TERRA 16 HDR FBT TIPPER | MC2K7ERC0JH063151 | E613CDJH232204 | बा ३ क १९९२ | २०१८ |
| ७ | TERRA 16 HDR FBT TIPPER | MC2K7ERC0JH063227 | E613CDJH232617 | बा ३ क१९९४ | २०१८ |
| ८ | TERRA 16 HDR FBT TIPPER | MC2K7ERC0JH063173 | E613CDJH232425 | बा ३ क १९९५ | २०१८ |
| ९ | TERRA 16 HDR FBT TIPPER | MC2K7ERC0JH063276 | E613CDJH233485 | बा ३ क २००० | २०१८ |
| १० | TERRA 16 HDR FBT TIPPER | MC2K7ERC0JH063278 | E613CDJH233597 | बा ३ क २००१ | २०१८ |

**शर्तहरु :**

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकवोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ ।
३. बोलपत्र स्विकृत भएपछि बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुने छ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ ।
५. बोलपत्र बुझाउने तथा खोल्ने दिन कारणबस सार्वजनिक विदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्य हुनेछन् ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।
७. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्विकृत/अस्विकृत वा आशिंक स्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन ।
९. धरौटी स्वरुप जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन र बोलपत्रको अन्तिम निर्णय भए पश्चात् फिर्ता हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति :** २०८१/०९/१४ गते आइतबार ( कार्यालय समय भित्र )
**खोलिने मिति :** २०८१/०९/१६ गते मंगलबार, दिनको २ बजे (मिति २०८१/९/१५ गते अर्थात ८औं दिन सार्वजनिक विदा भएकोले)
**स्थान :** महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालय

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com


## पोखरामा दोस्रो 'नेपाल-चीन मैत्री ड्रागन बोट रेस' आयोजना हुँदै



काठमाडौं (अस) । पोखरामा दोस्रो 'नेपाल-चीन मैत्री ड्रागन बोट रेस' आयोजना हुने भएको छ । गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, नेपालस्थित चिनियाँ दूतावास र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजना तथा नेपाल ड्रागन बोट एशोसिएशन, पोखरा पर्यटन परिषद् र पोखरा ओभरसिज चाइनिज एशोसिएशनको सह-आयोजनामा यही पुस १४ र १५ गते उक्त प्रतियोगिता हुने भएको हो ।

प्रतियोगिताको दोस्रो संस्करणमा नेपालका ११, चीनका ८ र सिंगापुरका एक समूहको सहभागिता रहने आइतवार पर्यटन बोर्डमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । २०० मिटर र ५०० मिटर दूरीमा आयोजना गरिने प्रतियोगितामा दुवै दूरीका प्रथम हुने विजेता समूहले पाँच हजार, उपविजेताले दुई हजार र तृतीयले १ हजार २०० सय अमेरिकी डलर पुरस्कार पाउनेछन् ।

सहभागी बाँकी १७ ओटा समूहलाई प्रतिसमूह पाँच सय अमेरिकी डलर प्रदान गरिनेछ । यो प्रतियोगिता फेवातालमा हुनेछ । चीन सरकारको अगुवाइमा नेपालमा पहिलोपटक सन् २०२३ मा ड्रागन बोट फेस्टिभल आयोजना गरिएको थियो । चीनले यस खालका प्रतियोगिता विश्वका ५० ओटा देशमा आयोजना गर्दै आएको छ । प्रतियोगिताबारे जानकारी दिन आयोजित कार्यक्रममा काठमाडौंस्थित चिनियाँ राजदूतावासका डेपुटी चीफ अफ मिशन वाङ सिनले प्रतियोगिताले नेपाल र चीनका नागरिकबीच सुमधुर सम्बन्ध स्थापित हुनुका साथै नेपालको पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरे । नेपालको पर्यटन प्रवर्द्धनमा चीन सधैं सहयोगी रहेको उनले उल्लेख गरे ।

नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख दीपकराज जोशीले चीन नेपालको प्रमुख पर्यटकीय स्रोत बजार भएको भन्दै ड्रागन बोट रेस प्रतियोगिताले पोखराको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताए । यो प्रतियोगिताले पोखराको पर्यटनमा नयाँ आकर्षण समेत थपेको उनको भनाइ छ । चीनमा प्रचलित लुनार पात्रोको पाँचौं महीनाको ५ गते चीनमा ड्रागन बोट फेष्टिभल आयोजना हुन्छ । चीनका विभिन्न प्रान्तमा ३ देखि ७ दिनसम्म यो पर्व मनाउने चलन छ । चीनमा ड्रागनलाई सकारात्मक शक्तिको रूपमा लिने गरिन्छ । सन् २०२४ को जनवरीदेखि नोभेम्बरसम्म ९२ हजार ८४८ जना चिनियाँ पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

## वित्तीय दुरुपयोग समाधानमा लक्ष्मी सन्राइज बैंक र आईएफसीबीच साझेदारी



काठमाडौं (अस) । लक्ष्मी सन्राइज बैंकले नेपालमा वित्तीय दुरुपयोग समाधान गर्न अन्तरराष्ट्रिय वित्त निगम (आईएफसी)सँगको साझेदारीमा 'एम्पावर फाइनान्स एलायन्स'अन्तर्गत सम्झौतामा हस्ताक्षर गरेको छ । नेपालमा यस प्रकारको पहल पहिलोपटक गरिएको बताइएको छ । यो सम्झौतापछि वित्तीय दुरुपयोगको समस्या समाधानमा सहकार्य गरिने बैंकले बताएको छ । अष्ट्रेलिया सरकारको विदेश मामिला तथा व्यापार विभागको समर्थन प्राप्त यस साझेदारीले वित्तीय सुरक्षा सुधार र समावेशी आर्थिक वृद्धिलाई टेवा पुऱ्याउने बताइएको छ ।

आईएफसीका बंगलादेश, भुटान र नेपालको देशीय प्रबन्धक मार्टिन होल्टमानले वित्तीय दुरुपयोगले जनजीवनमा विभिन्न अवरोध पुऱ्याउनुका साथै वित्तीय प्रणालीप्रतिको विश्वास पनि घटाउने बताए । उनले भने, 'यस साझेदारीमार्फत हामी वित्तीय दुरुपयोगलाई पहिचान र रोकथाम गर्न वित्तीय संस्थाहरूमै मानकहरू लागू गरी प्रणालीगत सुधार ल्याउन र वित्तीय गतिविधिका लागि सुरक्षित वातावरण सृजना गर्न चाहन्छौं ।'

'एम्पावर फाइनान्स एलायन्स'मार्फत आईएफसीले लक्ष्मी सन्राइज बैंकलाई सुरक्षित बैंकिङ सेवा विकास गर्न आवश्यक मार्गनिर्देशन दिने बताइएको छ । यसले बैंकलाई वित्तीय दुरुपयोग रोकथाम र समाधानमा आफ्नो भूमिका परिभाषित गर्न र कार्यान्वयनको अवस्था जानकारीका लागि आन्तरिक परीक्षण गर्न सहयोग पुऱ्याउने बैंकले जानकारी दिएको छ । यो साझेदारी बैंकिङ क्षेत्रमा वित्तीय दुरुपयोगको समस्या समाधान गर्नेतर्फ महत्त्वपूर्ण कदम भएको बैंकका प्रमुख कार्यकारी अधिकृत अजयविक्रम शाहले बताए । गत अगस्ट महीनामा आईएफसीद्वारा अष्ट्रेलिया सरकारको समर्थनमा शुरू गरिएको 'एम्पावर फाइनान्स एलायन्स'मा नेपाल, पपुआ न्युगिनी, श्रीलंका, भानुआतु र भियतनामका नौ वित्तीय संस्था समावेश रहेको बताइएको छ, जसले सामूहिक रूपमा ३ करोडभन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्दै आएको छ ।

# इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.
# Infinity Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी
(बर्दघाट सुस्ता पूर्व),फोन नं.: ०७८-५०३३०१,
इमेलः info@infinitylbsl.com.np

## आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८ गते सोमबार)**

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०९/०७ गते बसेको १११ औ बैठकको निर्णयानुसार संस्थाको आठौं वार्षिक साधारण सभाको निम्न विषयहरु उपर छलफल गर्न देहायको मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ उपदफा (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

**मिति :** २०८१ पुस २९ गते सोमबार (तदनुसार १३ जनवरी २०२५)
**स्थान :** सहमति (संस्था), विजय चोक, गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
**समय :** बिहान ९:०० बजे देखि

**छलफलका लागि प्रस्तावित विषयहरु**

**क) साधारण प्रस्तावहरु:**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक बर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखा परीक्षकको प्रतिवेदनसहितको २०८१ आषाढ मसान्तसम्मको वासलात र आ.व.२०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह सहितको (अनुसूचिहरु समेत) लगायतका बार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरिक्षण कार्य गर्नको लेखापरीक्षण समितिको सिफारिश बमोजिम बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्तावहरु:**

१) वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा मर्जर र एक्विजिसन सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
२) वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीका दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनहरूमा नियमनकारी निकायहरूले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य थप जानकारी**

१. आठौं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१९ गते शुक्रबार १ दिनका लागि वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१८ गते बिहीवारसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन, मतदान गर्न पाउने छन् ।
२. शेयरधनी महानुभावहरुको जानकारीको लागि सञ्चालक समितिको प्रतिवेदन लगायत बार्षिक साधारण सभाको सूचना, आर्थिक बर्ष २०८०/८१ को बार्षिक प्रतिवेदन, प्रोक्सी सम्बन्धी सम्पूर्ण विवरण वित्तीय संस्थाको वेभसाइट www.infinitylbsl.com.np मार्फत प्राप्त गर्न तथा हेर्न सकिनेछ वा प्रविधी प्रयोग गरी शेयरधनीहरुले उपलब्ध गराएको ईमेल मार्फत डिजिटल प्रतिवेदन पठाइनेछ । कुनै कारणवश उपरोक्त सूचना पाउन असमर्थ भएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट प्राप्त गर्न सक्नु हुनेछ ।
३. बार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर, प्रवेश पत्र वा आफ्नो परिचय खुल्ने फोटो सहितको कुनै प्रमाणपत्र लिई आउनु हुन अनुरोध छ । शेयरधनी महानुभावहरुको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान ८:०० बजेबाट सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।
४. सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात २०८१ पौष २७ गते बिहान १०:०० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्ति गरी सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ । प्रतिनिधि नियुक्त गरिने व्यक्ति पनि यस संस्थाको शेयरधनी हुन पर्नेछ । संगठित संस्थाको हकमा उक्त व्यवस्था लागू हुने छैन ।
५. कुनै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रोक्सी स्वतः बदर वा अमान्य हुनेछ ।
६. नाबालक अशक्त तथा बिक्षिप्त शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता रहेका व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछ । संयुक्त शेयर धारण गरेको भएमा दर्ता किताबमा उल्लेखित क्रमअनुरुप हुनेछ ।
७. साधारण सभामा शेयरधनीहरुबाट व्यक्त गरिएका जिज्ञाशा, प्रश्न वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रुपमा उत्तर दिन सक्नेछन् ।
८. छलफलको विषय अन्तरगत विविध शिर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहेमा सो विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी पठाउनु हुन अनुरोध छ । तर सो जिज्ञाशालाई छलफलबाट पारित हुने प्रस्तावको रुपमा समावेश गर्न बाध्य हुने छैन ।
९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा झन्झटीला सामानहरु नलिई आउनहुन अनुरोध छ । आवश्यकता अनुसार सभा कक्षमा प्रवेश गर्दा सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरी दिनहुन अनुरोध छ ।
१०. साधारण सभा सम्बन्धी थप जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा सम्पर्क राख्न हुन अनुरोध छ ।

### Statement of Profit or Loss
For the year ended 31 Asar 2081

| Particular | Note | Current Year | Previous Year |
|---|---|---|---|
| Interest Income | | 702,000,229 | 751,203,337 |
| Interest Expense | 4.27 | 411,998,369 | 451,367,062 |
| **Net Interest Income** | 4.28 | 290,001,859 | 299,836,275 |
| Fee and Commission Income | | 48,629,999 | 37,927,468 |
| Fee and Commission Expense | | | |
| **Net Fee and Commission Income** | 4.29 | 48,629,999 | 37,927,468 |
| **Net Interest, Fee and Commisson Income** | 4.30 | 338,631,858 | 337,763,742 |
| Net Trading Income | | - | - |
| Other Operating Income | | 370,031 | - |
| **Total Operating Income** | | 339,001,889 | 337,763,742 |
| Impairment Charge/ (Reversal) for Loans and Other Losses | 4.33 | 29,042,504 | 50,732,076 |
| **Net Operating Income** | | 309,959,385 | 287,031,666 |
| **Operating Expense** | | 260,108,985 | 266,614,888 |
| Personnel Expenses | 4.34 | 186,870,778 | 187,800,767 |
| Other Operating Expenses | 4.35 | 53,563,982 | 57,786,611 |
| Depreciation & Amortisation | 4.36 | 19,674,224 | 21,027,509 |
| **Operating Profit** | | 49,850,400 | 20,416,778 |
| Non Operating Income | 4.37 | - | - |
| Non Operating Expense | 4.38 | - | - |
| **Profit Before Income Tax** | | 49,850,400 | 20,416,778 |
| Income Tax Expense | | | |
| Current Tax | 4.39 | 8,220,690 | 11,487,110 |
| Deferred Tax | 4.39 | (4,168,768) | (366,776) |
| **Profit for the Year** | | 45,798,479 | 9,296,444 |
| **Profit Attributable to:** | | | |
| Equity-holders of the Financial Institutions | | 45,798,479 | 9,296,444 |
| **Earnings per Share** | | | |
| Basic Earnings per Share | | 9.21 | 1.87 |
| Diluted Earnings per Share | | 9.21 | 1.87 |

### Statement of Financial Position
For the year ended 31 Asar 2081

| Particular | Note | Current Year | Previous Year |
|---|---|---|---|
| **Assets** | | | |
| Cash and Cash Equivalents | 4.1 | 140,957,740 | 193,634,878 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 4.2 | 873,436 | 24,317 |
| Placement with Bank and Financial Institutions | 4.3 | - | - |
| Derivative Financial Instruments | 4.4 | - | - |
| Other Trading Assets | 4.5 | - | - |
| Loans and Advances to MFIs & Co-operatives | 4.6 | - | - |
| Loans and Advances to Customers | 4.7 | 5,188,303,838 | 4,394,361,793 |
| Investment Securities | 4.8 | 1,000,000 | 1,000,000 |
| Current Tax Assets | 4.9 | 33,455,228 | 30,798,345 |
| Investment Property | 4.10 | - | - |
| Property and Equipment | 4.11 | 61,608,562 | 60,868,180 |
| Goodwill and Intangible Assets | 4.12 | 6,895,314 | 7,335,748 |
| Deferred Tax Assets | 4.13 | 14,337,077 | 9,733,263 |
| Other Assets | 4.14 | 66,924,643 | 65,820,443 |
| **Total Assets** | | 5,514,355,838 | 4,763,576,967 |
| **Particulars** | **Note** | **Current Year** | **Previous Year** |
| **Liabilities** | | | |
| Due to Bank and Financial Institutions | 4.15 | - | - |
| Due to Nepal Rastra Bank | 4.16 | - | - |
| Derivative Financial Instruments | 4.17 | - | - |
| Deposits from Customers | 4.18 | 1,258,211,847 | 1,319,298,142 |
| Borrowings | 4.19 | 3,271,329,186 | 2,508,159,136 |
| Current Tax Liabilities | 4.9 | - | - |
| Provisions | 4.20 | 18,118,939 | 16,561,966 |
| Deferred Tax Liabilities | 4.13 | | - |
| Other Liabilities | 4.21 | 281,652,043 | 253,563,355 |
| Debt Securities Issued | 4.22 | - | - |
| Subordinated Liabilities | 4.23 | - | - |
| Total Liabilities | | 4,829,312,015 | 4,097,582,598 |
| Equity | | | |
| Share Capital | 4.24 | 497,415,942 | 497,415,942 |
| Share Premium | | - | - |
| Retained Earnings | | (4,918,036) | 666,144 |
| Reserves | 4.25 | 192,545,917 | 167,912,282 |
| **Total Equity** | | 685,043,823 | 665,994,368 |
| **Total Liabilities and Equity** | | 5,514,355,838 | 4,763,576,967 |
| Contingent Liabilities and Commitments | 4.26 | | |
| Net Assets Value per share | | 137.72 | 133.89 |

### Statement of Other Comprehensive Income
For the year ended 31 Asar 2081

| Particular | Note | Current Year | Previous Year |
|---|---|---|---|
| Profit for the year | | 45,798,479 | 9,296,444 |
| Other Comprehensive Income, Net of Income Tax | | | |
| a) Items that will not be reclassified to profit or loss | | | |
| Gains/(losses) from investment in equity instruments measured at fair value | | | - |
| Gains/(losses) on revaluation | | | - |
| Actuarial gains/(losses) on defined benefit plans | | (1,450,156) | (3,266,881) |
| Income tax relating to above items | | 435,047 | 980,064 |
| Net other comprehensive income that will not be reclassified to profit or loss | | (1,015,109) | (2,286,817) |
| b) Items that are or may be reclassified to profit or loss | | | |
| Gains/(losses) on cash flow hedge | | | |
| Exchange gains/(losses)(arising from translating financial assets of foreign operation) | | | - |
| Income tax relating to above items | | | - |
| Reclassify to profit or loss | | | |
| Net other comprehensive income that are or may be reclassified to profit or loss | | (1,015,109) | (2,286,817) |
| Other Comprehensive Income for the year, Net of Income Tax | | 44,783,369 | 7,009,627 |
| Total Comprehensive Income for the Year | | | |
| Total Comprehensive Income for the Period | | 44,783,369 | 7,009,627 |

### आर्थिक वर्ष २०८०/८१ को संक्षिप्त वार्षिक आर्थिक विवरण

कम्पनी एन, २०६३ को दफा ८४ (४) तथा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाहरुलाई जारी निर्देशन ४/०७९ को ४.१ (घ) का प्रयोजनको निमित्त प्रकाशित विवरण :

(प्रस्तुत संक्षिप्त वार्षिक आर्थिक विवरण, कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो)

**श्री शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्था लिमिटेडको आठौं वार्षिक साधारण सभा प्रयोजनार्थ वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा(नोक्सान हिसाब,नगद प्रवाह विवरण, ईक्वीटिमा आएको परिवर्तनको विवरण, पूँजीकोष तालिकाको विवरणहरु लगायत संस्थाको समग्र सिंहावलोकन निम्नानुसार रहेको व्यहोरा यस वार्षिक आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं ।

**क) आर्थिक वर्ष २०८०/८१ असार मसान्तसँग गत आ.व को सोही अवधिसम्मको मुख्य वित्तीय झलकको तुलनात्मक स्थिति:**

| क्र.सं. | विवरण | ईकाइ | आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|
| | | | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | फरक प्रतिशत |
| १. | शाखा संख्या | संख्या | ९१ | ९६ | ५.४९% |
| २. | जम्मा कर्मचारी | संख्या | ३४५ | ३४१ | -१.१६% |
| ३. | सदस्य संख्या | संख्या | ९९,४७९ | १०२,३७४ | २.९१% |
| ४. | ऋणी संख्या | संख्या | ४०,२७७ | ३४,३८९ | -१४.६२.% |
| ५. | निक्षेप | रु.००० | १,३१९,२९८ | १,२५८,२१२ | -४.६३% |
| ६. | कुल लगानीमा रहेको कर्जा | रु.००० | ४,४४१,६९६ | ५,२०५,९४१ | १७.२१% |
| ७. | खुद नाफा/(नोक्सान) | रु.००० | ९,८९६ | ४५,७९८ | ३९२.६५% |
| ८. | शेयर पुँजी | रु.००० | ४९७,४१६ | ४९७,४१६ | ०.००% |
| ९. | खुद ब्याज आम्दानी | रु.००० | २९०,००२ | २९९,८३६ | ३.३९% |

**ख) लेखापरीक्षकको महत्व**

यस वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०८०/८१ को बाह्य लेखापरिक्षकद्धारा तल दिईएको प्रतिवेदन पेश गर्नुभएको छ ।



### Statement of Risk Weighted Assets(RWA)
For the year ended 31 Asar 2081

| Particulars | | Current Year | | Previous Year | |
|---|---|---|---|---|---|
| A. Balance Sheet Exposures | Risk Weight | Book Value | Risk Weighted Exposures | Book Value | Risk Weighted Exposures |
| Cash Balance | 0% | 6,324,525.00 | | 6,125,014 | |
| Balance With Nepal Rastra Bank | 0% | 873,435.64 | | 24,317 | |
| Investment in Nepalese Government Securities | 0% | | | | |
| Investment in Nepal Rastra Bank Securities | 0% | | | | |
| Claims | 20% | 134,633,214.92 | 26,926,643 | 187,509,864 | 37,501,973 |
| Money at call | 20% | | | | |
| Inter Bank Lending's | 20% | | | | |
| Investment in Share, Debenture and Bond | 100% | 1,000,000.00 | 1,000,000 | 1,000,000 | 1,000,000 |
| Other Investment | 100% | | | | |
| Loan and Advances | 100% | 5,233,689,140.72 | 5,233,689,141 | 4,467,352,323 | 4,467,352,323 |
| Fixed Assets | 100% | 62,432,484.58 | 62,432,485 | 62,132,537 | 62,132,537 |
| Interest Receivable | 100% | 91,040,951.47 | 91,040,951 | 34,393,221 | 34,393,221 |
| Other Assets (Other than advance tax deposit) | 100% | 87,333,112.07 | 87,333,112 | 81,625,097 | 81,625,097 |
| Total of On-Balance Sheet Assets (A) | | 5,617,326,864 | 5,502,422,332 | 4,840,162,372 | 4,684,005,151 |

### Statement of Capital Fund

| Particular | Current Year | Previous Year |
|---|---|---|
| Paid up Equity Share Capital | 497,415,942 | 497,415,942 |
| Irredeemable Non-cumulative preference shares | | |
| Share Premium | | |
| Proposed Bonus Equity Shares | | |
| Statutory General Reserves | 105,515,303 | 96,355,607 |
| Retained Earnings | (4,918,036) | 666,144 |
| Un-audited current year cumulative profit | | |
| Capital Redemption Reserve | | |
| Capital Adjustment Reserve | | |
| Dividend Equalization Reserve | | |
| Other Free Reserve | | |
| Calls in Advance | | |
| Less: Goodwill | 6,071,392 | 6,071,392 |
| Less: Deferred Tax Assets | 14,337,077 | 9,733,263 |
| Less: Fictitious Assets | | |
| Less: Investment in equity of institutions with financial interests | | |
| Less: Investment in equity of institutions in excess of limits | | |
| Less: Investments arising out of underwriting commitments | | |
| Less: Reciprocal crossholdings | | |
| Less: Purchase of Land & Building in excess of limit & unutilized | | |
| Less: Underwritten Shares not within Time Limit | | |
| Less: Other Deductions | | |
| Total Tier 1 Capital | 577,604,739 | 578,633,039 |
| Particulars | Current Year | Previous Year |
| Cumulative and/or Redeemable Preference Share | | |
| Subordinated Term Debt | | |
| Hybrid Capital Instruments | | |
| General loan loss provision | 30,130,811 | 35,913,629 |
| Exchange Equalization Reserves | | |
| Investment Adjustment Reserve | | |
| Assets Revaluation Reserves | | |
| Other Reserve | | 1,977,690 |
| Total Tier 2 Capital | 30,130,811 | 37,891,319 |
| Particulars | Current Year | Previous Year |
| Capital Adequacy Ratios | Current Year | Previous Year |
| Tier 1 Capital to Total Risk Weighted Exposures | 10.29% | 12.10% |
| Tier 1 and Tier 2 Capital to Total Risk Weighted Exposures | 10.82% | 12.90% |

### Statement of Other Cash Flow
For the year ended 31 Asar 2081

| Particular | Current Year | Previous Year |
|---|---|---|
| CASH FLOWS FROM OPERATING ACTIVITIES | | |
| Interest Received | 645,352,498 | 739,009,503 |
| Fee and Other Income Received | 48,629,999 | 37,927,468 |
| Dividend Received | - | - |
| Receipts from Other Operating Activities | 370,031 | - |
| Interest Paid | (411,998,369) | (464,545,132) |
| Commissions and Fees Paid | - | - |
| Cash Payment to Employees | (186,870,778) | (183,497,765) |
| Other Expenses Paid | (68,144,687) | (71,663,933) |
| Operating Cash Flows before Changes in Operating Assets and Liabilities | 27,338,693 | 57,230,142 |
| (Increase) Decrease in Operating Assets | | |
| Due from Nepal Rastra Bank | | |
| Placement with Banks and Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to Bank and Financial Institutions | - | - |
| Loans and Advances to Customers | (822,984,549) | 465,931,690 |
| Other Assets | 55,627,040 | 17,814,333 |
| Increase (Decrease) in Operating Liabilities | | |
| Due to Banks and Financials Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Deposit from Customers | (61,086,295) | (101,642,427) |
| Borrowings | 763,170,050 | (392,283,907) |
| Other Liabilities | 23,870,626 | (42,726,321) |
| Net Cash Flow from Operating Activities before Tax Paid | (14,064,435) | 4,323,508 |
| Income Tax Paid | (6,081,972) | (57,465,686) |
| Net Cash Flow from Operating Activities | (20,146,407) | (53,142,178) |
| CASH FLOWS FROM INVESTING ACTIVITIES | | |
| Purchase of Investment Securities | | |
| Receipts from Sale of Investment Securities | - | - |
| Purchase of Property and Equipment | (5,936,397) | (3,946,749) |
| Receipts from Sale of Property and Equipment | | - |
| Purchase of Intangible Assets | (11,300) | (1,101,700) |
| Purchase of Investment Properties | - | - |
| Receipts from Sale of Investment Properties | - | - |
| Interest Received | - | - |
| Dividend Received | - | - |
| Net Cash Used in Investing Activities | (5,947,697) | (5,048,449) |
| CASH FLOWS FROM FINANCING ACTIVITIES | | |
| Receipts from Issue of Debt Securities | - | - |
| Repayments of Debt Securities | - | - |
| Receipts from Issue of Subordinated Liabilities | - | - |
| Repayments of Subordinated Liabilities | - | - |
| Receipt from Issue of Shares | - | - |
| Dividends Paid | - | - |
| Interest Paid | | |
| Other Receipts/Payments | (25,733,915) | (2,720,882) |
| Net Cash from Financing Activities | (25,733,915) | (2,720,882) |
| Net Increase (Decrease) in Cash and Cash Equivalents | (51,828,019) | (60,911,509) |
| Opening Balance of Cash and Cash Equivalents | 193,659,195 | 254,570,704 |
| Effect of Exchange Rate fluctuations on Cash and Cash Equivalents Held | - | - |
| Closing Balance of Cash and Cash Equivalents | 141,831,176 | 193,659,195 |

### Statement of Changes in Equity
For the year ended 31 Asar 2081

| Particulars | Attributable to Equity-Holders of the Institution | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Share Capital | Share Premium | General Reserve | Exchange Equalisation Reserve | Regulatory Reserve | Corporate social responsibility reserve | Client Protection Fund | Fair Value Reserve | Revaluation Reserve | Retained Earning | Other Reserve | Total Equity |
| Adjustment/Restated Balance as at Shrawan 01, 2079 | 414,513,285 | - | 94,496,318 | - | 30,617,156 | 1,259,060 | 29,984,361 | - | - | 89,667,819 | 1,167,623 | 661,705,623 |
| Comprehensive Income for the year | | | | | | | | | | | | |
| Profit for the year | | | | | | | | | | 9,296,444 | | 9,296,444 |
| Other Comprehensive Income, Net of Tax | | | | | | | | | | | | - |
| Gains/(losses) from investment in equity instruments measured at fair value | | | | | | | | - | | | | - |
| Gains/(losses) on revaluation | | | | | | | | | | | | - |
| Actuarial gains/(losses) on defined benefit plans | | | | | | | | | | | (2,677,688) | (2,677,688) |
| Gains/(losses) on cash flow hedge | | | | | | | | | | | | - |
| Exchange gains/(losses)(arising from translating financial assets of foreign operation) | - | | | | | | | | | | | - |
| Total Comprehensive Income for the year | | - | - | - | - | - | - | - | | 9,296,444 | (2,677,688) | 6,618,756 |
| Transfer to Reserves during the year | | | | | | | | | | | | - |
| General Reserve | | | 1,859,289 | | | | | | | | | 1,859,289 |
| Regulatory Reserve | | | | | 13,741,115 | | | | | | | 13,741,115 |
| Corporate Social Responsibilty Reserve | | | | | | 92,964 | | | | | | 92,964 |
| Client Protection Reserve | | | | | | | | | | | | 92,964 |
| Fair Value Reserve | | | | | | | 92,964 | | | | | - |
| Othets Reserve-Acturial Gain/loss | | | | | | | | | | | | |
| Transfer from Reserves during the year | | | | | | | | | | (15,395,462) | - | (15,395,462) |
| Contribution to the Fund | | | | | | | | | | | | - |
| Expense from the Fund | | | | | | (1,259,060) | | | | | | (2,720,882) |
| Transactions with Owners, directly recognized in Equity | | | | | | | | | | | | - |
| Share Issued | | | | | | | (1,461,822) | | | | | - |
| Share Based Payments | | | | | | | | | | | | - |
| Dividend to Equity-Holders | | | | | | | | | | | | - |
| Bonus Shares Issued | 82,902,657 | | | | | | | | | (82,902,657) | | - |
| Cash Dividend Paid | | | | | | | | | | | | - |
| Other componen of Equity | | | | | | | | | | | | - |
| Total Contributions by and Distributions | 82,902,657 | | 1,859,289 | | 13,741,115 | (1,166,096) | (1,368,857) | | | (89,001,674) | (2,677,688) | 4,288,746 |
| Balance at Asar 31, 2080 | 497,415,942 | | 96,355,607 | | 44,358,272 | 92,964 | 28,615,504 | | | 666,144 | (1,510,065) | 665,994,368 |
| Balance at Shrawan 01, 2080 | 497,415,942 | - | 96,355,607 | - | 44,358,272 | 92,964 | 28,615,504 | - | - | 666,144 | (1,510,065) | 665,994,368 |
| Adjusments (Addition in Reserve) | | - | | | | | | | | | | - |
| Adjusment/Restated Balance as at Shrawan 01, 2080 | 497,415,942 | | 96,355,607 | - | 44,358,272 | 92,964 | 28,615,504 | - | - | 666,144 | (1,510,065) | 665,994,368 |
| Comprehensive Income for the year | | | | | | | | | | | | |
| Profit for the year | | - | | - | | | | - | - | 45,798,479 | | 45,798,479 |
| Other Comprehensive Income, Net of Tax | | | | | | | | | | | | - |
| Gains/(losses) from investment in equity instruments measured at fair value | | - | | - | | | | - | - | | | - |
| Gains/(losses) on revaluation | | | | | | | | | | | | - |
| Actuarial gains/(losses) on defined benefit plans | | | | | | | | | | 45,798,479 | (1,015,109) | (1,015,109) |
| Gains/(losses) on cash flow hedge | | | | | | | | | | | | - |
| Exchange gains/(losses)(arising from translating financial assets of foreign operation) | - | | | | | | | - | | | | - |
| Total Comprehensive Income for the year | | | - | | - | - | | | | | (1,015,109) | 44,783,369 |
| Transfer to Reserves during the year | | | | | | | - | | | | | - |
| General Reserve | | | 9,159,696 | | | | | | | | | 9,159,696 |
| Regulatory Reserve | | | | | 41,306,994 | | | | | | | 41,306,994 |
| Corporate Social Responsibilty Reserve | | - | | | | 457,985 | | | | | | 457,985 |
| Client Protection Reserve | | | | - | | | | - | | | | 457,985 |
| Fair Value Reserve | | | | | | | | | | | | - |
| Other Reserve-Acturial Gain/loss | | | | | | | 457,985 | | | | | - |
| Other Reserve-Restructure/Reschedule LLP Write Back Fund | | | | | | | | | | | | |
| Transfer from Reserves during the year | | | | | | | | | | (51,382,659) | - | (51,382,659) |
| Contribution to the Fund | | | | | | | 2,531,678 | | | | - | 2,531,678 |
| Expense from the Fund | | | | | | (92,964) | (28,172,628) | | | | | (28,265,593) |
| Transactions with Owners, directly recognized in Equity | | | | | | | | | | | | - |
| Share Issued | | | | | | | | | | | | - |
| Share Based Payments | | | | | | | | | | | | - |
| Dividend to Equity-Holders | | | | | | | | | | | | - |
| Bonus Shares Issued | - | | | | | | | | | | | - |
| Cash Dividend Paid | | | | | | | | | | - | | - |
| Other componen of Equity | | | | | | | | | | | | - |
| Total Contributions by and Distributions | - | | 9,159,696 | | 41,306,994 | 365,020 | (25,182,966) | | | (5,584,181) | (1,015,109) | 19,049,455 |
| Balance at Asar 31, 2081 | 497,415,942 | | 105,515,303 | | 85,665,266 | 457,985 | 3,432,538 | | | (4,918,036) | (2,525,174) | 685,043,823 |

तपाईं जब आफ्नो सोच परिवर्तन गर्नुहुन्छ, संसारलाई परिवर्तन गर्ने कुरा पनि सोच्नुहोस् ।
**- नोर्मन भिन्सेन्ट पील**

सम्पादकीय

# नयाँ एक्सचेन्जको आवश्यकता

**शेयरको दोस्रो बजार सञ्चालनका लागि नयाँ स्टक एक्सचेन्ज स्थापनाको प्रक्रिया अगाडि बढेको छ तर उसको पक्ष र विपक्षमा बहस जारी नै छ । यद्यपि सरकारले यसको आवश्यकता छ कि छैन भन्ने विषयमा समिति नै बनाएर अध्ययनसमेत गराएको थियो । उदार अर्थतन्त्रमा प्रतिस्पर्धा सर्वत्र अपेक्षित हुन्छ । स्टक एक्सचेन्जमा पनि यस्तो प्रतिस्पर्धा आवश्यक छ । तर, नयाँ एक्सचेन्जको स्वीकृतिमा व्यावसायिक घरानाबीच होडबाजी चलेको चर्चाले भने धेरैको मनमा चिसो पसेको छ । कतै यसमा अनावश्यक हस्तक्षेप र चलखेल हुने त होइन ? भन्ने आशंका छ ।**

**सरकारले गतवर्ष माघमा पूँजीबजारका लागि थप नयाँ स्टक आवश्यक छ कि छैन भन्ने विषयमा अध्ययन गर्न नेपाल राष्ट्र बैंकका पूर्वडेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको संयोजकत्वमा तीन सदस्यीय अध्ययन समिति गठन गरेको थियो । समितिको प्रतिवेदनअनुसार नै नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण प्रक्रिया अघि बढाउने निर्णयमा सरकार पुगेको बताइएको छ । तर, सरकारी स्वामित्वको विद्यमान नेपाल स्टक एक्सचेन्ज (नेप्से)लाई पुनःसंरचना गर्ने तथा यसलाई निजीकरण गर्नेजस्ता कुरामा ध्यान नदिई नयाँ स्टक एक्सचेन्ज ल्याउन हतारिएको भनी सरकारी कदमको आलोचना पनि भइरहेको छ । हो, नेप्सेले दिएको सेवा पर्याप्त छैन । यसमा थुप्रै सुधारको आवश्यकता छ । जब बजारले गति लिन्छ त्यही बेला यसमा विभिन्न समस्या आउने गरेको छ । यसको बेवसाइट पनि असुरक्षित रहेको लगानीकर्ताको भनाइ छ । टीएमएसमा यसको निर्माता वाइकोले बदमासी गरेको आरोप लागेको छ । त्यस्तै बजारमा लगानीका नयाँनयाँ उपकरण ल्याउन पनि नेप्सेले विलम्ब गरिरहेको छ । यी सबैको सुधारका लागि नेप्सेलाई निजीकरण गर्नु आवश्यक छ । तर, निजीकरणमा जानुभन्दा सरकारले निजी एक्सचेन्जका लागि स्वीकृति दिने तयारी थालेको छ ।**

**कतिपय देशमा धेरै एक्सचेन्ज छन् तर नेपालजस्तो सानो अर्थतन्त्र भएको र ३ सय कम्पनी पनि सूचीकृत नभएको मुलुकमा दुईओटा एक्सचेन्जले कसरी काम गर्ला भन्ने आशंका पनि छ ।**

**निजीक्षेत्र सेवाग्राहीमैत्री हुन्छ । कम लागतमा उसले राम्रो सेवा दिन सक्छ । त्यसो हुँदा नयाँ एक्सचेन्ज स्थापना गर्न निजीक्षेत्रलाई दिनुपर्छ भन्ने लगानीकर्ताको माग रहेको छ । यसले राम्रो सेवा दिने विश्वास छ । यसो हुँदा नेप्सेमा कारोबार गरिरहेकाहरू सबै निजी एक्सचेन्जमा जाने र सरकारी कम्पनी समस्या पर्ने आशंका पनि उत्तिकै बलियो छ । त्यसो नहोला पनि भन्न सकिन्न । त्यसैले निजीक्षेत्रबाट नयाँ स्टक एक्सचेन्ज आएमा ठूलो व्यापारको अवसर खुल्नेछ । त्यसैले व्यावसायिक घराना यसमा आकर्षित हुनु स्वाभाविक हो । यही कारण नियामक निकाय धितोपत्र बोर्डको अध्यक्षको नियुक्तिमा ठूलै चलखेल भएको आरोप लागेको हो । यसको नियुक्तिमा लागेको समय र देखिएको विवाद हेर्दा यसमा अविश्वास गर्नुपर्ने कारण पनि देखिँदैन । यो विडम्बनापूर्ण कुरा हो । त्यसैले सही नियतका साथ पारदर्शी प्रक्रिया अपनाएर प्रतिस्पर्धा गराएर मात्रै नयाँ एक्सचेन्ज स्थापना गर्नु आवश्यक छ ।**

**कतिपय देशमा धेरै एक्सचेन्ज छन् तर नेपालजस्तो सानो अर्थतन्त्र भएको र ३ सय कम्पनी पनि सूचीकृत नभएको मुलुकमा दुईओटा एक्सचेन्जले कसरी काम गर्ला भन्ने आशंका पनि छ । यही आधारमा यो आवश्यक नभएको तर्क पनि गरिन्छ । भारतजस्तो ठूलो बजार देखाएर एक्सचेन्ज थप्नुभन्दा नियामकको नियामकीय क्षमता बढाउन आवश्यक देख्ने पनि प्रशस्त छन् । अहिले बजारमा भइरहेका भित्री सूचना चुहाएर गरिने कारोबार, मूल्यमा गरिने अवाञ्छित चलखेल आदि नियन्त्रण गर्न नियामक निकाय असफल देखिएको छ । त्यति मात्र होइन, मूल्यान्वेषण गर्दा नियामकको नेतृत्वले नै चेलखेलमा साथ दिएको भनी कारबाही नै भयो । त्यसैले यी पक्षमा पनि ध्यान जानु जरुरी छ**

**नयाँ एक्सचेन्ज स्थापना भएपछि एउटै व्यक्तिले दुईओटै कम्पनीबाट कारोबार गर्न पाउने हो कि होइन, एउटै कम्पनीको शेयर किनबेच दुईओटा कम्पनीबाट हुँदा त्यसको हिसाब कसरी मिलाउनेजस्ता प्राविधिक पक्षमा पनि ध्यान जानु आवश्यक छ । यद्यपि भारतमा गएर बोर्डका पदाधिकारीले यसबारेमा अध्ययन गरेका कारण समस्या नआउला तैपनि यी तमाम चासो र चिन्तालाई सम्बोधन नगर्ने हो भने पूँजीबजारप्रति अविश्वास पैदा भई अर्को समस्या नआउला भन्न सकिँदैन ।**

# अर्थतन्त्रमा आर्थिक उदारीकरणको प्रभाव

## शासकीय सुधार कहिले ?



**उदारीकरणलाई सबल बनाउन राजनीतिक दलहरूबीच साझा सहमति कायम हुनुपर्छ । आन्तरिक क्षमता विकास गर्नुपर्छ । लगानीमैत्री वातावरण सृजना गर्नुपर्छ । आधारभूत पूर्वाधारहरूको विकासमा जोड दिनुपर्छ ।**

**- डा. दिवाकर वशिष्ठ**

आर्थिक गतिविधिमा सरकारले हस्तक्षेप नगरी अर्थतन्त्रलाई खुला छोड्ने नीतिलाई आर्थिक उदारीकरण भन्ने गरिन्छ । अर्थतन्त्र एउटा नियन्त्रणमुखी हुन्छ भने अर्को खुला । नियन्त्रणमुखी अर्थतन्त्रमा सरकारले अर्थतन्त्रका नीति बनाउँदा नियन्त्रणात्मक उपाय अपनाउँछ । यस्तो अर्थतन्त्रलाई समाजवादी अर्थतन्त्र पनि भनिन्छ । खुला अर्थतन्त्रलाई पूँजीवादी अर्थतन्त्रको नाम दिएको पाइन्छ । उदार अर्थतन्त्रमा पनि कतिपय कुरामा सरकारको हस्तक्षेप हुने गर्छ तर त्यो धेरै न्यून हुन्छ । पूर्ण समाजवादी अर्थतन्त्रको नीति लिने राष्ट्रहरूमा क्युवा र उत्तर कोरियाको नाम अग्रपंक्तिमा रहेको छ । पूर्ण पूँजीवादी मुलुक भनेर अमेरिका, बेलायत आदिलाई लिन सकिन्छ ।

नेपालजस्ता मुलुकले बजार अर्थतन्त्र र निर्देशित अर्थात् नियन्त्रणमुखी आर्थिक नीति अवलम्वन गरेको पाइन्छ जसलाई मिश्रित अर्थतन्त्र पनि भन्ने गरिन्छ । नेपालले सन् १९९० पछि आर्थिक उदारीकरणको नीति अवलम्बन गरेको हो । देशको अर्थतन्त्रमा सरकारी नियन्त्रणको अन्त्यको साथै आर्थिक वृद्धि प्राप्त गरी अर्थतन्त्रमा स्थिरता कायम गर्दै आन्तरिक एवं बाह्य पूँजी र प्रविधिलाई निर्बाध रूपमा उपयोग गर्न सक्ने वातावरणको सृजना गर्नु आर्थिक उदारीकरण हो । विशेष गरी आर्थिक उदारीकरणमा अर्थतन्त्रमा निजीक्षेत्रको प्रत्यक्ष सहभागिता र बजार संयन्त्रको भूमिका महत्त्वपूर्ण रहन्छ र मूल्य निर्धारण प्रतिस्पर्धाको आधारमा बजार संयन्त्रले गर्छ । सरकारको भूमिका सहजकर्ता, उत्प्रेरक र नियामकका रूपमा रहने गरी निजीक्षेत्रमैत्री वातावरणको सृजना गर्नु हो ।

### नेपालमा उदारीकरण

विस २०४६ को प्रजातन्त्र र ०६३ को गणतन्त्रपश्चात् पनि नेपालमा भएको पटकपटकको राजनीतिक परिवर्तनले आर्थिक उदारीकरणको नीतिलाई कमजोर पार्दै लगेको छ । आर्थिक उदारीकरणको उद्देश्य विकास प्रक्रियालाई निजीक्षेत्रमा प्रवेश गराउनु, आर्थिक विकासमार्फत जनताको जीवनस्तर सुधार गर्नु, वस्तु तथा सेवामा प्रतिस्पर्धा गराई गुणस्तर कायम गर्नु, निर्यात बढाउनु, वैदेशिक सहायता बढाउनु, कमजोर आर्थिक अवस्थालाई सुधार गर्दै सार्वजनिक ऋणको बोझ घटाउनुलगायत छन् । तर, उदारीकरणको नीति अवलम्बन गरेको ३ दशक बितिसक्दा पनि जनताले अनुभूति गर्ने गरी अर्थतन्त्रका सूचकहरूमा उल्लेख्य सुधार भएको देखिँदैन ।

नियन्त्रणमुखी अर्थतन्त्र विश्वले अपनाउँदा आर्थिक अवस्था बिग्रेको कारण उदारनीति अवलम्बन गर्नुपर्‍यो भन्नुको भरपर्दो आधार देखिदैन । नियन्त्रणमुखी अर्थतन्त्रको बलबाट चीन आज अर्थतन्त्रमा विश्वको शक्तिशाली मुलुक बनेको छ । यसले अमेरिकालगायत पूँजीवादी अर्थतन्त्र अँगालेका राष्ट्रहरूलाई पनि पछि पार्ने जमर्को गरिरहेको देखिन्छ । उदारवादी अर्थतन्त्रले घाटा बजेटमा सुधार, मुद्रास्फीति नियन्त्रण, विदेशी मुद्राको सञ्चिति बढाउँछ भनिन्छ । तर, नेपालले आज उदारवादी नीति लिएको दशकौं भइसक्दा पनि किन आर्थिक अवस्थामा सुधार आएको छैन त ? उदार अर्थव्यवस्थाको नीतिले न त विदेशी लगानी मनग्य आएको छ, न त सार्वजनिक ऋणमा कमी आउन सकेको छ ।

न त घाटा बजेटमा सुधार भएको छ न मुद्रास्फीति नै नियन्त्रणमा रहेको छ । तसर्थ आर्थिक नीति खुला वा नियन्त्रणमुखी भन्नुभन्दा पनि अर्थतन्त्रको सुधार राजनीतिक स्थिरता, शासकीय क्षमता र सुशासनमा भर पर्ने हो । विशेष गरी उदार अर्थनीति कार्यान्वयनबाट प्रतिफल प्राप्त गर्न सक्षम र बलियो अनुगमन, सुपरिवेक्षण र सुदृढ सुशासन एवं शासकहरूको कार्यकुशलता र क्षमता आवश्यक पर्छ । उदार आर्थिक नीति जीवनको अभिन्न अंग भन्ने गरिन्छ । यो सही त्यतिबेला हुन्छ जतिबेला सुशासनको अवस्था सुदृढ हुन्छ र हाम्रो भन्दा राम्रोलाई नेतृत्वमा पुर्‍याउने गरिन्छ । यो सुदृढ नहुँदा श्रीलंका, बंगलादेश, पाकिस्तानलगायत विश्वका कयौं मुलुक आर्थिक संकटमा फसेको अवस्था छ ।

तसर्थ आर्थिक उदारीकरणको सफलता राजनीतिक स्थायित्व, सुशासन, जवाफदेहिता, शासकीय क्षमता र उत्तरदायित्वमा निर्भर छ ।

### उदारीकरण किन असफल ?

मुलुकको शासकीय सुधारमा गणतन्त्रात्मक संघीयतापछि पनि सुधार देखिँदैन । बरु खर्चिलो संघीयताले मुलुकमा आर्थिक कठिनाइ सृजना भएको छ । शासकीय अक्षमताले हाल सञ्चालित विकास परियोजना होस् वा गौरवका आयोजना नै किन नहोस्, समयमा पूरा हुन नसकी प्रतिवर्ष लागत बढ्दो छ । यी परियोजनाका घट्दो कार्य प्रगतिले मुलुकको आर्थिक अवस्थालाई नै संकटमा पारेको छ । नेपालजस्तो शासकीय क्षमता नभएको मुलुकले अनुदान सहयोग र सहुलियत ऋण मात्र स्वीकार गर्नुपर्छ । अन्यथा यही गतिमा ऋण बढ्दै जाने हो भने मुलुक आर्थिक रूपमा टाट पल्टन सक्छ । चीनसँगको बीआरआई र अमेरिकी परियोजना एमसीसीको कुरा पनि जोडतोडले चलेको छ । चीनको निर्माण कम्पनीले शुरू गरेको नारायणगढ बुटवल खण्ड सडकको निर्माण गतिले मुलुकको प्रतिष्ठामा धब्बा लाग्ने काम भएको छ भने सर्वसाधारण यात्रु तथा स्थानीयलाई वर्षौंदेखि धूलो र हिलो सहेर बस्न बाध्य पारेको छ । कुरा व्यापार, पूर्वाधार र कनेक्टीभिटीको गरिन्छ तर कामले १०औं वर्षमा पनि गति लिँदैन । नेपालको जलविद्युत्, विमानस्थल, सञ्चार र सडक पूर्वाधार क्षेत्रका धेरैजसो आयोजनाको ठेक्का चिनियाँ कम्पनीको हातमा छ ।

**उदारवादी अर्थतन्त्रले घाटा बजेटमा सुधार, मुद्रास्फीति नियन्त्रण, विदेशी मुद्राको सञ्चिति बढाउँछ भनिन्छ । तर, नेपालले आज उदारवादी नीति लिएको दशकौं भइसक्दा पनि किन आर्थिक अवस्थामा सुधार आएको छैन त ?**

तर, हालको प्रगतिस्तर हेर्दा परियोजना होल्ड गर्ने तर समयमा नसक्ने अवस्थाले सर्वसाधारण जनताले अकल्पनीय दुःख पाएको देखिन्छ । कर्मचारीतन्त्रको उल्झन, घूसको बार्गेनिङ र संरचनागत कमजोरी एवं सुशासनको उधोगतिले नै नेपालका परियोजना समयमा सम्पन्न हुन नसकेको कुरा विदेशी दातृ निकाय र ठेकेदारले समेत स्वीकार गरेको अवस्था छ । अर्कोतर्फ ठेकेदारले काम सम्पन्न गरेको रकम पाउन हम्मेहम्मे परेको देखिन्छ । सरकारले निर्माण सम्पन्न आयोजनाहरूको भुक्तानी नदिएर बिचल्ली पारेको निर्माण व्यवसायीहरूले बताइरहेका छन् । सरकारले भुक्तानी दिन्छौं भने पनि अझै त्यो भुक्तानी बाँकी रहेको सरकारले नै स्वीकारेको अवस्था छ ।

चीन, भारतलगायत कुनै पनि देशको ठेकेदार जो नेपालमा काम गर्छ ऊ स्थानिय कमिशन एजेन्टको चंगुलमा फस्ने गरेको छ । तसर्थ उपर्युक्त कुरामा सुधार नभई आर्थिक उदारीकरणको नीति र कुराले मात्र देशको अर्थतन्त्रमा सुधार हुने देखिँदैन ।

### निजीकरण र सार्वजनिक संस्थान

आर्थिक उदारीकरणको उपजको रूपमा आएको निजीकरणको नीतिले नेपालका सार्वजनिक संस्थानहरूलाई गिज्याइरहेको अवस्था छ । निजीक्षेत्रको अर्थतन्त्रमा योगदान करीब ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत छ भन्ने गरिए तापनि निजीकरण गरिएका सार्वजनिक संस्थानको आर्थिक अवस्था बेहाल छ । विदेशीले बनाइदिएका कयौं कारखाना र उद्योग कौडीको भाउमा विक्री गरियो । यसरी बेचिएका उद्योग सञ्चालन हुन सकेनन् ।

त्यसो त सरकारले सञ्चालन गरेको संस्थानको अवस्था पनि राम्रो देखिँदैन । २०८० असार मसान्तसम्ममा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा ४४ ओटा सार्वजनिक संस्थानहरू अस्तित्वमा रहेको देखिन्छ । जसमध्ये १० ओटा औद्योगिक क्षेत्र, पाँचओटा जनोपयोगी क्षेत्र, चारओटा व्यापारिक क्षेत्र, नौओटा वित्तीय क्षेत्र, पाँचओटा सामाजिक क्षेत्र र ११ ओटा सेवाक्षेत्रतर्फ रहेका छन् । अस्तित्वमा रहेका संस्थानहरूको वित्तीय स्थिति विश्लेषण गर्दा आव २०७९/८० सम्ममा २६ ओटा संस्थान नाफामा छन् र १५ संस्थान नोक्सानीमा रहेका छन् । तसर्थ उपर्युक्त विषयहरूको सुधारमा शासन गर्ने पक्ष नै उत्तरदायी र जवाफदेही हुनुपर्छ ।

### निजीकरणका सकारात्मक पक्ष

आर्थिक उदारीकरणबाट अधिकतम लाभ लिन आफ्नो आन्तरिक क्षमतालाई प्रवर्द्धन गर्दै चुनौतीलाई अवसरको रूपमा रूपान्तरण गर्नेतर्फ जोड दिनु आवश्यक छ । आर्थिक उदारीकरणबाट नेपालको अर्थतन्त्रमा परेका सकारात्मक प्रभावहरूमा अर्थतन्त्रमा वैदेशिक व्यापार/लगानीको उल्लेख्य वृद्धि, भुक्तानी असन्तुलनमा सुधार हुँदै गएको निकासी व्यापारमा वृद्धि (वस्तुगत र देशगत दुवै रूपमा निकासीमा वृद्धि) निकासीमा विविधीकरण गर्नु हो । त्यस्तै वैदेशिक लगानीको ढोका खुला गरिएको छ । यसबाट खासगरी जलविद्युत्, सिँचाइ, वित्तीय क्षेत्र, सेवा क्षेत्रमा उल्लेख्य लगानी बढेको छ । त्यसबाट रोजगारीका अवसरहरूमा वृद्धि भएको छ । स्वदेशी वैदेशिक विप्रेषण आयमा वृद्धि भएको छ ।

सार्वजनिक संस्थानको निजीकरण सूचना र प्रविधिको क्षेत्रमा तीव्रतर विकास भइरहेको छ । खुला आकाश नीतिको अवलम्वन गरिएको छ जसको फलस्वरूप स्वदेशी र वैदेशिक निजी वायुयानहरूले प्रतिस्पर्धी सेवा प्रदान गरी पर्यटन उद्योगमा टेवा पुर्‍याएका छन् । बैंकिङ तथा वित्तीय क्षेत्रको विकास विस्तार भई आधुनिक बैंकिङ सेवाको उपलब्धता, प्रतिस्पर्धामा वृद्धि भएको छ । कतिपय सेवामा स्वचालित मूल्य प्रणालीको विकास भएको छ । कुल गार्हस्थ्य उत्पादन वृद्धि, सेवाक्षेत्रको योगदान बढ्दो छ । विदेशी मुद्रा सञ्चितिमा वृद्धि भएको छ । यी निजीकरणका सकारात्मक पक्ष हुन् ।

### निजीकरणका नकारात्मक प्रभाव

निजीकरणका नकारात्मक प्रभावहरू पनि रहेका छन् जसमा नेपालजस्तो आन्तरिक उत्पादन कमजोर भएको, निजीक्षेत्रको पूर्ण विकास भइनसकेको, पूर्वाधारको पर्याप्त विकास भइनसकेको मुलुकका यसले राम्रो परिणाम दिन सकेको छैन । उद्योगधन्दाको पर्याप्त विकास हुन नसकेको, सरकारको भूमिका कमजोर रहेको, राजनीतिक अस्थिरता र लगानीको उपयुक्त वातावरण भइनसकेको हाम्रो जस्तो मुलुकमा आर्थिक उदारीकरणले स्रोतसाधनको न्यूनता हटाइदिएको तथा उपलब्ध साधनको न्यूनतालाई सहज बनाइदिएको भए तापनि अतिकम विकसित मुलुकहरूले आर्थिक उदारीकरणबाट अपेक्षित फाइदा लिन सकेका छैन । त्यसैको परिणति निजीकरणले नकारात्मक प्रभावहरू बढेर गयो । आय र धनको असमान वितरण, गरीबी अपेक्षाकृत रूपमा घट्न सकेन, अझै पनि निरपेक्ष गरीबीको रेखामुनि १८ दशमलव ७ प्रतिशत र बहुआयामिक गरीबीमा रहेको जनसंख्या २८ दशमलव ६५ प्रतिशत रहेको अवस्था छ ।

स्वदेशी उद्योगहरू अन्तरराष्ट्रिय प्रतिस्पर्धामा टिक्न सकेनन् । धराशयी भए । जनकपुर चुरोट कारखाना, गोरखकाली टायर उद्योग, बाँसवारी छाला जुत्ताकारखाना आदि यसकाक उदाहरण हुन् । मुद्रास्फीति झन् झन् बढेर गयो । क्षेत्रीय असन्तुलन झन्झन् बढेर गयो । व्यापारघाटा बढेर गयो । ग्रामीण क्षेत्र र कृषि क्षेत्रलाई खासै प्रभाव पारेन । बेरोजगारी प्रतिशतमा कमी आउन सकेन । वर्षेनि ५ लाख श्रमशक्ति भएको बजारमा ४/५ लाख खाडीमा छन् । वैदेशिक लगानी सोचेअनुरूप भित्रिन सकेन । भित्रिएको पनि उत्पादनभन्दा उपभोग्य क्षेत्रमा बढी आकर्षित भयो । बैंकिङ तथा वित्तीय क्षेत्रको विकास भए पनि अधिकांश ग्रामीण जनता आधुनिक बैंकिङ क्षेत्रबाट वञ्चित नै रहे । निजीकरण सोचेअनुरूप अघि बढ्न सकेन ।

सार्वजनिक संस्थानको सञ्चालन राम्रोसँग हुन सकेन । घाटा झन् झन् बढ्यो । निजीकृत संस्थाको अवस्था झन् दयनीय भएर गयो । निजीक्षेत्र प्रतिस्पर्धात्मक र जिम्मेवार ढंगले अघि बढ्न सकेन । कृत्रिम अभाव चर्को मूल्यवृद्धि र कालोबजारी कायमै रह्यो । आर्थिक वृद्धिदर औसतमा ५ प्रतिशतभन्दा माथि जान सकेन । बहुराष्ट्रिय कम्पनीहरू सरकारभन्दा शक्तिशाली बन्न पुगे । वस्तु तथा सेवाको गुणस्तरमा सुधार हुन सकेन ।

नेपालजस्तो कृषि प्रधान मुलुकमा कृषिलाई आधुनिकीकरण, वैज्ञानिकीकरण, व्यवसायीकरण र बजारीकरण गरी अगाडि बढ्नुपर्नेमा कृषिमै मुलुक परनिर्भर भैसकेको छ । सेवाक्षेत्रभन्दा कृषि र उद्योग क्षेत्रको योगदान बढाउन सकिएन । पछिल्लो समयमा आर्थिक उदारीकरणले स्रोत साधनको न्यूनता हटाइदिएको तथा उपलब्ध साधनको न्यूनतालाई सहज बनाइदिएको भए तापनि नेपालजस्ता मुलुकले अपेक्षित फाइदा लिन नसक्नुमा लगानीको उपयुक्त वातावरण नहुनु कारा देखिन्छ । पूर्वाधारको विकास गर्न नसक्दा लगानीका क्षेत्र खुम्चिए । राजनीतिक स्थायित्व, प्रतिबद्धता र दूरदर्शिताको अभाव देखियो । बौद्धिक पलायन बढेर गयो जसले देशभित्र दक्ष र शीपयुक्त जनशक्तिको अभाव भयो । पूँजी पलायनसमेत बढेर गयो । आन्तरिक लगानीको वातावरण उपयुक्त भएन । कृषिलाई व्यवसायीकरण, बजारीकरण र औद्योगिकीकरण गर्न नसक्नु आदि कारणले विश्वबजारमा पहुँच भए पनि नेपालले अपेक्षित फाइदा लिन सकेन ।

### अबको बाटो

उदारीकरणलाई सबल बनाउन राजनीतिक दलहरूबीच साझा सहमति कायम हुनुपर्छ । आन्तरिक क्षमता विकास गर्नुपर्छ । लगानीमैत्री वातावरण सृजना गर्नुपर्छ । आधारभूत पूर्वाधारहरूको विकासमा जोड दिनुपर्छ । राष्ट्रिय उद्योगधन्दा संरक्षणका कार्यक्रम ल्याउनुपर्छ । सार्वजनिक संस्थान सञ्चालनको स्पष्ट दृष्टिकोण तय गर्नुपर्छ । तुलनात्मक र प्रतिस्पर्धी लाभका वस्तुहरू उत्पादनमा जोड दिनुपर्छ । करको दर होइन, दायरा बढाउनुपर्छ । वैदेशिक लगानीलाई आकर्षित गर्न राजनीतिक अस्थिरताको अन्त्य गर्नुपर्छ । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका कार्यक्रम प्रभावकारी बनाउनुपर्छ । कृषिलाई व्यवसायीकरण, बजारीकरण औद्योगिकीकरण गर्नेलगायतको कार्यबाट मात्र आर्थिक उदारीकरणले सफलता पाउन सक्छ भन्नुमा कसैको दुईमत नहोला ।

*लेखक बैंक तथा वित्तीय संस्थासम्बन्धी विज्ञ हुन् ।*

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## बढ्दो आर्थिक असन्तुलन

आर्थिक वृद्धिको तुलनामा बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने कर्जाको आकार धेरैले बढेर नेपाली अर्थतन्त्रमा विद्यमान असन्तुलन थप फराकिलो भएको छ । बैंक तथा वित्तीय संस्थाको संख्यात्मक वृद्धिसँगै शाख मुद्राको कारोबार निकै बढेको तर सोही अनुपातमा आर्थिक वृद्धि हुन नसकेकाले यस्तो अवस्था आएको हो । पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको संख्यात्मक वृद्धि त भएको छ तर सो अनुपातमा लगानीको क्षेत्र भने विस्तार हुन सकेको छैन । यसबाट बजारमा मुद्रा आपूर्ति अस्वाभाविक बढ्न गई मूल्यवृद्धि आकाशिन पुगेको छ । मूल्यवृद्धिसँगै कर्जाको आकार पनि वृद्धि भएको छ ।

बैंक तथा वित्तीय संस्थाको लगानी उत्पादनशील क्षेत्रमा प्रवाह गर्नका लागि नेपाल राष्ट्र बैंकलगायत निकायले सरोकारवालाहरूलाई पटक-पटक आग्रह गर्दै आएका छन् । यो क्रम बढ्दै गए आउँदा केही वर्षमा अर्थतन्त्र थप धराशयी हुने अर्थविद्हरू बताउँछन् । यस्तै अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले मङ्गलवार सार्वजनिक गरेको अनुमानमा आर्थिक वर्ष २०६९/७० मा नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वृद्धिदर ३ दशमलव ८ प्रतिशत हुने प्रक्षेपण गरेको छ । छिमेकी मुलुकहरूको यो वृद्धिदर केही वर्षअघिको ९१० प्रतिशतबाट घटे पनि अझै ६ प्रतिशतकै हाराहारीमा छ ।

*(सम्पादकीयबाट)*

*वर्ष ८, अंक ७९, शुक्रवार २२ मङ्सिर, २०६९*

टिप्पणी

# एनपीएल सफलताले खोल्ने बाटो

जनकपुर बोल्ट्सले उपाधि जितेपछि पहिलो नेपाल प्रिमियर लिग (एनपीएल) शनिवार भव्यताका साथ सम्पन्न भएको छ । यसको आयोजक क्रिकेट एशोसिएशन अफ नेपालको निकै प्रशंसा हुन थालेको छ । हुन पनि जस्तो अवस्थामा यो क्रिकेटको आयोजना भयो र जसले यसमा उत्साह ल्यायो तथा यसलाई व्यावसायिक जगत्सँग जोड्यो त्यसले नेपाली खेलकुद इतिहासमै कोसेढुंगा बनेको छ, एनपीएल ।

१८ दिनसम्म चलेको लिगमा कुल ३२ खेल भए । झन्डै १४० भन्दा बढी खेलाडी एनपीएलमा सहभागी थिए । त्यसमध्ये अधिकांशले एनपीएलको खेल खेल्ने अवसर पाए । तीमध्ये पनि केही खेलाडीले राम्रो प्रदर्शन गरे अनि व्यक्तिगत उत्कृष्ट पुरस्कार पाए । यस्तो भव्य प्रतियोगिता सञ्चालन गर्न आर्थिक स्रोत चाहिन्छ । उच्च व्यवस्थापन चाहिन्छ । त्यसका लागि उपयुक्त सोच भएको व्यक्ति पनि चाहिन्छ । सही सोचका साथ सही ढंगले काम अघि बढाएमा स्रोतको अभाव त्यति नहुन पनि सक्छ । नेपाल प्रिमियर लिगको भव्य समापनले यो प्रमाणित गरेको छ ।

मुलुकमा एउटा गतिलो क्रिकेट स्टेडियम छैन । खेलाडीलाई अभ्यास गर्ने उपयुक्त मैदानको अभाव छ । नियमित अभ्यासका लागि सानातिना प्रतियोगिता भइरहनुपर्छ । त्यसो हुन सकेको छैन । क्यानसँग पर्याप्त पैसा छैन ठूलाठूला स्पोन्सर पनि छैनन् । टिकट विक्रीबाट पैसा उठाउनका लागि पूर्वाधार पनि छैन । यस्तो अवस्थामा भारतमा आईपीएलजस्तै नेपालमा एनपीएल खेलको आयोजना हुनु निकै गौरवको कुरा हो ।

**एनपीएलको सफलताको चर्चा नेपालमा मात्र भएको छैन । भारतमा समेत यसको चर्चा भएको छ । यसले आगामी दिनमा नेपाली खेलाडीले अन्य देशमा अनुबन्धनका लागि मौका पाउने देखिन्छ ।**

केही वर्षअघि मात्रै क्रिकेट खेल्नका लागि राम्रो ब्याट पाएनौं भनेर नेपाली क्रिकेट खेलाडीले गरेको गुनासो अझै ताजै छ । वर्षौंदेखि देशका लागि खेले पनि मासिक पारिश्रमिक नपाएको भन्दै चिन्ता व्यक्त गर्ने तिनै खेलाडी केही दिन मात्रै क्रिकेट खेलेर लाखौं कमाउन सके । एउटै प्रतियोगितामा करोड रुपैयाँ पुरस्कार राशिको यत्रो खेल आयोजना गर्न सकेकोमा क्यानको नेतृत्वको प्रशंसा गर्नैपर्छ । क्यानले यति सफलताका साथ एनपीएल सम्पन्न गर्न सक्नुमा पारस खड्काको खटाइ र उनको क्षमताको सबैले प्रशंसा गरेका छन् । व्यावसायिक व्यक्तिले नेतृत्व सम्हाल्दा खेलकुदले गति लिने रहेछ भनेर यसले देखाएको छ ।

विदेशी खेलाडी प्रशिक्षक अनुबन्धन गर्ने र फ्रेन्चाइजहरूमा व्यवसायीहरूले लगानी गर्ने कुरासम्ममा एनपीएलमा प्रतिस्पर्धा देखियो । अहिले एनपीएलमा प्रायोजक बन्नका लागि कर्पोरेट क्षेत्रबीच प्रतिस्पर्धा चलेको छ । कर्पोरेट क्षेत्रका विभिन्न व्यवसायीले पनि लाखौं लगानी गरेर स्पोन्सर गरे ।

एनपीएलको सफलताको चर्चा नेपालमा मात्र भएको छैन । भारतमा समेत यसको चर्चा भएको छ । यसले आगामी दिनमा नेपाली खेलाडीले अन्य देशमा अनुबन्धनका लागि मौका पाउने देखिन्छ । त्यस्तै नेपाली खेलमा बहुराष्ट्रिय कम्पनीहरूले स्पोन्सर गर्ने, स्टार स्पोर्टले पैसा तिरेर खेल देखाउने जस्तो अवस्था पनि नआउला भन्न सकिँदैन ।

नेपालले अन्य खेलमा भन्दा क्रिकेटमा बढी सफलता पाएको छ । त्यही भएर नेपालीले विदेशमा खेल्न पाउँदा दंग पर्नुपर्ने अवस्था थियो तर अहिले विदेशी खेलाडी किनेर नेपालमा खेलाउनु पाउनु अर्को सफलता हो । यसले नेपालको क्रिकेटको विश्व वरीयतामा नेपाल उक्लने बलियो आधार तय गर्नेछ । नेपाल क्रिकेटमा बलियो राष्ट्रका रूपमा उदाउन सक्छ ।

खेलकुदमा सकारात्मक पक्षसँग नकारात्मक पक्ष पनि हुन्छन् । क्रिकेटको क्रेजको प्रशंसा भइरहँदा दर्शकले देखाएको व्यवहार चाहिँ निकै आलोच्य बन्यो । दर्शकले आफ्नो पक्षको टीमलाई समर्थन गर्नु सामान्य नै हो र त्यही समर्थनको नाममा विरोधी टीमका दर्शकलाई नश्लावादी व्यवहार गर्नु गलत हो । अन्तिम खेलमा दर्शकमाथि नै हातपात गरेर जस्तो व्यवहार गरियो त्यसले भने राम्रो सन्देश दिँदैन । प्रहरीले यसमा छानबिन थालेको छ । यथोचित कारबाही होला तर यस्ता घटनाले खेलकुद क्षेत्रलाई बदनाम गर्न सक्छ भन्ने कुरा हामीले बिर्सन हुँदैन ।

# माथिल्लो म्याग्दी निर्माण स्थल पहुँचमार्गले जोडियो

म्याग्दी । माथिल्लो म्याग्दी जलविद्युत् आयोजना निर्माण स्थल पहुँचमार्गले जोडिएको छ । हाइड्रो इम्पायर प्रालि प्रवर्द्धक रहेको ३७ मेगावाट क्षमताको सो आयोजनाको बाँध, विद्युत्गृह र सुरुङको अडिट निर्माण स्थल जोड्ने सडक निर्माण भएको हो ।

मालिका गाउँपालिका-७ बिमको भारबाङदेखि कल्लेनी, छहरी, खारा, खाम्ला, नाउरा हुँदै बगर गाउँ नजिकैसम्म करीब २१ किलोमिटर पहुँच निर्माण गर्न सो क्षेत्रमा निर्माणका क्रममा रहेका माथिल्लो म्याग्दी, अपर म्याग्दी १, म्याग्दीखोला जलविद्युत् आयोजनाले साझेदारी गरेका छन् ।

माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाका प्रबन्ध निर्देशक जितबहादुर घर्तीले पहुँचमार्गमा पर्ने म्याग्दी नदीमाथि ५० र ३० मेट्रिकटन क्षमताको दुईओटा बेलिब्रिज जडान भइसकेको जानकारी दिए । पहुँचमार्ग, आवास र सैनिक क्याम्पको भवन, जेनेरेशन लाइन निर्माण सकिएको आयोजनाको सुरुङ, बाँध र विद्युत्गृह निर्माणको तयारी गरेको उनले बताए ।

निर्देशक घर्तीका अनुसार अबको दुई वर्ष ६ महीनाभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित सिभिल ठेकेदार परिचालित भइसकेको छ । धवलागिरि गाउँपालिका-४ मा पर्ने सिन्कोस र म्याग्दी खोलाको दोभानभन्दा एक सय ३० मिटर तल म्याग्दी खोलाको दायाँ किनारमा बाँध, म्याग्दी खोलाको बायाँ किनारमा भूमिगत बालुवा थिग्र्याउने पोखरी, हेडरेस सुरुङ बन्ने आयोजनाको विद्युत्गृह



म्याग्दी खोला र मुदी खोलाभन्दा एक किलोमिटर माथि प्रस्ताव गरिएको छ ।

तीन किलोमिटर पाँच सय ५३ दशमलव ३३ मिटर लामो सुरुङबाट ल्याइने पानी तीन सय दशमलव ८८ मिटर अग्लो हेडबाट विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गरिने भएको छ । आउटलेटदेखि विद्युत्गृहसम्म सात सय ९७ दशमलव ९६ मिटर लामो पेनस्टक पाइप जडान गरिनेछ । आयोजनाका लागि आवश्यक एक दशमलव ६९ हेक्टर निजी जग्गा खरीद गरिएको र तीन दशमलव ६९ हेक्टर सरकारी जग्गा प्रयोग गरेबापत शोधभर्नाको प्रक्रिया अगाडि बढाएको छ । आयोजनाका लागि आवश्यक विष्फोटक पदार्थ खरीदका लागि सम्बन्धित निकायबाट स्वीकृति लिई प्रक्रिया अगाडि बढाइएको प्रबन्ध निर्देशक घर्तीले बताए ।

### लगानी जुट्यो

माथिल्लो म्याग्दी निर्माणका लागि सिद्धार्थ बैंक, नेपाल एसबिआई, सिटिजन्स बैंक, एभरेष्ट बैंक र नबिल बैंकले रू. पाँच अर्ब ३४ करोड ८८ लाख ९८ हजार लगानी गर्ने सम्झौता भएको छ । बैंकको ब्याजबाहेक आयोजनाको कुल लागत रू. ६ अर्ब ६९ करोड ९४ लाख ९५ हजार अनुमान गरिएको छ । ब्याजसहित रू. सात अर्ब ६३ करोड २९ लाख १४ हजार लागत अनुमान गरिएको आयोजनाले १२ वर्षको अवधिमा ऋण तिरिसक्ने योजना बनाएको छ । ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपूँजी लगानी रहने आयोजना पूरा भएपछि दुई सय १५ दशमलव सात सय १४ गिगावाट प्रतिघण्टा विद्युत् उत्पादन हुनेछ । उत्पादित विद्युत् विद्युत् गृहबाट १० दशमलव दुई किलोमिटर दूरीको एक सय ३२ केभी सिंगल सर्किट प्रसारण लाइनमार्फत डाँडाखेत सबस्टेसनमा जोडिनेछ । *रासस*

## सानो बजेटका योजनाले ल्यायो ठूलो खुशी

तुलसीपुर (दाङ) । केही वर्षअघि तुलसीपुर उपमहानगरपालिका-१२, लामिडाँडा निवासी ज्ञानबहादुर विकको घरभित्रै पानी पस्थ्यो । वर्षौंदेखि आजित बनेका उनले अचेल भने त्यसबाट मुक्ति पाएका छन् । पानी निकासका लागि नालीसहितको सडक बनेपछि समस्या समाधान भएको हो । अब चाँडै सडक कालोपत्र भएमा धुँवाधुलोबाट समेत मुक्ति मिल्ने उनको अपेक्षा छ ।

'वर्षामा घरभित्रै पानी आउँथ्यो, पटक-पटक वडालाई भनें, यसपटक चाहिँ सुनुवाइ भयो, अब घरभित्रै पानी पस्ने अवस्था आउने छैन,' विकले सुनाए ।

वडाले १ लाख रुपैयाँ बजेटमा कचेलीदेखि लामिडाँडासम्म ३३५ मिटर नाला निर्माण गरेको छ ।

त्यस्तै तुलसीपुर उपमहानगरपालिका-१२ मा पर्ने क्वाडी विगतमा बर्खाको बेला डुबानमा पर्थ्यो । गाउँको पानी निकास नहुँदा डुबानको समस्या दोहोरिने गर्थ्यो । यहाँ पनि 'पनफकुवा' नाला निर्माण भएपछि त्यो समस्या हटेको स्थानीय नदीमा चौधरीले बताए । 'पहिले वर्षा भयो की डुबानमा पर्थ्यो । अब निकासका लागि पनफकुवा नाला निर्माण भइसकेकाले त्यो समस्या हटेको छ ।'

तुलसीपुर उप महानगरपालिका-१२ ले चालू आर्थिक वर्षमा ३ लाख रुपैयाँ बजेटमा यहाँ ७५ मिटर लामो नाला निर्माण गरेको छ । वडाध्यक्ष खुसीराम चौधरीले सानो बजेटबाट ठूलो उपलब्धि हासिल गर्ने नीतिअनुसार समस्या समाधानका लागि काम भएको बताए । 'जनताका समस्या धेरै ठूला पनि हुँदैनन्, ससाना समस्या हल गर्‍यौं भने पनि त्यसले राम्रो प्रभाव पार्छ,' उनले भने, 'तीन लाख बजेटले मात्रै हामीले स्थानीयलाई खुशी दिन सकेका छौं ।'

गाउँ नै डुबानमा पर्ने समस्या लिएर आएपछि आफूले सोही ठाउँमा बजेट विनियोजन गर्न सहजीकरण गरेको चौधरीले बताए । *रासस*

**छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय, काठमाण्डौ-३१, मध्यबानेश्वर
फोन: ०१-४५९५५१३, ४५६४८५३, फ्याक्स: ०१-४५६५७८५ (Email : info@chhimekbank.org.np)

**२३औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**
(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०९/०७)

यहि मिति २०८१/०९/०६ गते बसेको सञ्चालक समितिको ३१२औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २३औं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१/०९/२९ गते सोमबार (तदनुसार जनवरी १३, २०२५)
**समय :** विहान ११.०० बजे ।
**स्थान :** होटल सामना प्रा. लि. को सभाहल, मकवानपुर, हेटौंडा ।

**छलफलका विषयहरू :**
**(क) सामान्य प्रस्ताव**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०८०/८१ को बार्षिक प्रतिबेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिबेदन सहित २०८१ आषाढ मसान्तको बासलात, मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ गते सम्मको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह बिवरण र सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक बर्ष २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने साथै, आर्थिक वर्ष २०८०/८१ को लेखापरिक्षकको पारिश्रमिक संशोधन सम्वन्धमा । (वर्तमान लेखापरीक्षक श्री P.L.R.G. Associates ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछैन ।)
४. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।
५. सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.ब. २०८०/८१ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रू.२,९७,७१,७२,१००।- (अक्षरेपी दुई अर्ब सन्तानब्बे करोड एकहत्तर लाख बहत्तर हजार एक सय रुपैयाँ मात्र) को ७ प्रतिशतले हुन आउने रकम रू.२०,८४,०२,०४७।- (अक्षरेपी बीस करोड चौरासी लाख दुई हजार सतचालिस मात्र) नगद लाभांश (बोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**
१. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.ब.२०८०/८१ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रू.२,९७,७१,७२,१००.०० (अक्षरेपी दुई अर्ब सन्तानब्बे करोड एकहत्तर लाख बहत्तर हजार एक सय रुपैयाँ मात्र) को ८ प्रतिशतले हुन आउने रकम रू.२३,८१,७३,७६८/- (अक्षरेपी तेईस करोड एकासी लाख त्रिहत्तर हजार सात सय अठसट्ठी मात्र) बराबरको बोनश शेयर जारी गरी वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रू.३,२१,५३,४५,८६८.०० (अक्षरेपी तिन अर्ब एक्काईस करोड त्रिपन्न लाख पैंतालिस हजार आठ सय अठसट्ठी रुपैयाँ मात्र) पुर्‍याउने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।
२. वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।
३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल, परिमार्जन वा संशोधन गर्न सञ्चालक समितिलाई अधिकार दिने ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**पुनश्च:** साधारण सभाको सूचना प्रथम पटक मिति २०८१/०९/७ को अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिसकिएको र वित्तीय संस्थाको वेवसाईट www.chhimekbank.org मा समेत राखिएको व्यहोरा अनुरोध गर्दछौं ।

बाँकी पृष्ठ १ बाट ...

### भटमास र सूर्यमुखी ...

अहिले भन्सार बढाउनुअघि भारतले मूल्य नियन्त्रण गर्ने भन्दै यी वस्तुको कच्चा पदार्थमा शून्य भन्सार कायम गर्दा नेपाली प्रशोधित तेल उत्पादकहरूले तेल धेरै निर्यात गर्न सकेका थिएनन् ।

सबैभन्दा बढी निर्यात भएका वस्तुमा भटमास तेल, कार्पेट, अलैंची, सूर्यमुखी तेल, चियालगायत वस्तु छन् । भन्सार विभागका अनुसार मङ्सिर मसान्तसम्म ७३ अर्ब ६५ करोड रुपैयाँ बराबरको वस्तु नेपालबाट विदेश निर्यात भएको छ । जुन अघिल्लो वर्षको तुलनामा १६ दशमलव ५४ प्रतिशतले धेरै हो ।

चालू आवको ५ महीनामै पेट्रोलियम पदार्थ आयातमा १ खर्बभन्दा बढी रकम बाहिरिएको छ। भन्सार विभागको तथ्यांकअनुसार मङ्सिर मसान्तसम्म १ खर्ब १७ अर्ब ५६ करोड रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । मङ्सिरसम्म आइरन तथा स्टीलको आयात ५४ अर्ब ४२ करोड रुपैयाँ बराबरको भएको छ । विद्युतीय उपकरण र त्यसका पाटपुर्जाको आयातमा ४५ अर्ब २५ करोड रुपैयाँ खर्च भएको छ । ४१ अर्ब रुपैयाँ बराबरका सवारीसाधन आयात भएको तथ्यांकमा देखिएको छ । साढे १९ अर्ब रुपैयाँ बराबरको तरकारी र तरकारीजन्य वस्तु आयात भएको छ । भन्सार विभागका अनुसार पहिलो ५ महीनाको अवधिमा ६ खर्ब ६१ अर्ब ४८ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ । जुन अघिल्लो आवको यसै अवधिको तुलनामा ३ प्रतिशत धेरै हो । अघिल्लो आवको मङ्सिरसम्म ६ खर्ब ४२ अर्ब २० करोड रुपैयाँ बराबरको वस्तु आयात भएको थियो । यस वर्ष निर्यातमा भने उल्लेख्य सुधार देखिएको छ ।

मङ्सिरसम्म नेपालको व्यापारघाटा भने ५ खर्ब ८७ अर्ब ८२ करोड रुपैयाँ बराबर रहेको देखिन्छ । व्यापारघाटा अघिल्लो आवको तुलनामा १ दशमलव ५२ प्रतिशतले मात्र बढेको छ । आयातको तुलनामा निर्यातको वृद्धिदर धेरै हुँदा व्यापारघाटा धेरै नबढेको हो । अघिल्लो आवको मङ्सिरसम्म ५ खर्ब ७९ अर्ब रुपैयाँ हाराहारी व्यापारघाटा रहेको थियो । नेपालको वैदेशिक व्यापारमा आयातको अंश ८९ दशमलव ९८ प्रतिशत रहेको छ । निर्यातको अंश १० दशमलव शून्य २ प्रतिशत रहेको छ । निर्यातको अंश केही बढेको देखिन्छ । मङ्सिरसम्मको तथ्यांकअनुसार नेपालको सबैभन्दा धेरै वैदेशिक व्यापार भारतसँग भएको छ। यस अवधिमा भारतबाट नेपालले ४ खर्ब १० अर्ब रुपैयाँ बराबरको वस्तु आयात गरेको छ। नेपालबाट भारतमा ५२ अर्ब रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ । भारतसँग ३ खर्ब ५८ अर्ब रुपैयाँ बराबर व्यापारघाटा रहेको छ। चीनबाट नेपालमा १ खर्ब ३१ अर्ब रुपैयाँ बराबरको वस्तु आएको छ । नेपालबाट चीनमा १ अर्ब ७४ करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएको तथ्यांकमा देखिन्छ ।

मङ्सिर मसान्तसम्म ७ खर्ब ३५ अर्ब १४ करोड ८३ लाख रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको छ । यो अघिल्लो आव २०८०/८१ को यसै अवधिको तुलनामा ४ दशमलव २१ प्रतिशत धेरै हो । आयात र निर्यात दुवैमा सुधार हुँदा यस वर्ष कुल वैदेशिक व्यापारको आकारसमेत बढेको देखिएको छ । गत आवको ५ महीनामा ७ खर्ब ५ अर्ब ४१ करोड रुपैयाँ बराबरको व्यापार भएको तथ्यांकमा देखिन्छ ।

### नागरिक उड्डयन ...

यूरोप प्रवेशमा रोक लगाएको ४ वर्षपछि ईएएसएले गत मङ्सिरमा पाकिस्तान इन्टरनेशनल एयरलाइन्स (पीआईए) माथिको उडान प्रतिबन्ध हटाएको घोषणा गर्‍यो । पाकिस्ताले गत अगस्तमा मात्र पीसीएएलाई तीन भागमा छुट्ट्याएको थियो । त्यसको ३ महीनामा हालै पीआईएलाई कालोसूचीबाट हटाइएको हो । नियामकका रूपमा पीसीएए, ब्युरो अफ एयरक्राफ्ट सेफ्टी इन्भेस्टिगेशन र पाकिस्तान एयरपोर्ट अथोरिटी गरी तीन निकाय खडा गरिएको थियो ।

'प्राधिकरणलाई नियामक र सेवाप्रदायकका रूपमा छुट्ट्याउँदैमा नेपाल यूरोपेली संघको कालोसूचीबाट हट्ने ग्यारेन्टी त हुँदैन,' प्राधिकरणका पूर्वमहानिर्देशक सञ्जीव गौतमले आर्थिक अभियानसँग भने, 'तर, यो एउटा महत्त्वपूर्ण कदम भने हो ।'

उनका अनुसार प्राधिकरण टुक्र्याइसकेपछि पनि प्राधिकरणको नियामक अहिलेकै जस्तै रह्यो भने कालोसूचीबाट हट्ने सम्भावना हुँदैन । मानव संसाधनसहितका विषयमा सुधार भएमा कालोसूचीबाट हट्न सक्छ । गौतमका अनुसार अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) को लेखापरीक्षणले पनि सन् २००९ देखि २०२० बीच नियामक र सेवाप्रदायक छुट्ट्याउनुपर्ने भन्दै आएको छ । 'आफैले सेवा दिने संस्था भएपछि आफूले आफैलाई नियमन गर्नु स्वार्थको द्वन्द्व भयो,' उनले भने । केही वर्षअघि यस्तै विधेयक राष्ट्रिय सभाले पास गरेको भए पनि प्रतिनिधिसभामा पेश नहुँदा प्राधिकरण टुक्र्याउने कार्य अड्केर बसेको थियो ।

प्राधिकरणको कामलाई नियामक र सेवाप्रदायकका रूपमा छुट्ट्याउने गरी बनेका 'नेपाल हवाई सेवा प्राधिकरण विधेयक २०७६' र 'नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६' तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईले २०७६ फागुन ११ मा राष्ट्रिय सभामा दर्ता गराएका थिए ।

प्राधिकरण टुक्र्याउनेबारे प्राधिकरण नेतृत्व र अधिकतम कर्मचारी यसको विरोधमा उत्रिँदा सरकारी प्रयास सफल हुन सकेको थिएन । सरकारले सम्पत्ति शुद्धीकरण निवारणमा विभिन्न तीन निकायलाई नियमनकारी तोकेको छ । ५ पुसमा बसेको मन्त्रिपरिषद् बैठकले सवारीसाधन खरीद कर्जा प्रवाह गर्ने व्यवसायी र सामाजिक सुरक्षा कोषका लागि नेपाल राष्ट्र बैंकलाई नियमनकारी निकाय तोकेको छ । सवारीसाधन विक्री गर्ने व्यवसायीका लागि यातायात व्यवस्था विभागलाई नियमनकारी निकाय तोक्ने निर्णय गरेको छ भने इन्भेस्टमेन्ट कम्पनीका लागि नेपाल धितोपत्र बोर्डलाई सम्पत्ति शुद्धीकरण निवारणका लागि नियमनकारी निकाय तोक्ने निर्णय भएको सूचना तथा सञ्चारप्रविधि मन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

**ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि.**
धहिटी वडा नं. - १७ काठमाण्डौं फोन : ०१-५३४४७७१, ५३४४७७२

**बुझबुझारथ गर्न कार्यालयमा उपस्थि हुने सम्बन्धमा ७ दिने सार्वजनिक सूचना**

तपाई यस संस्थाका ऋण अधिकृत श्री लक्ष्मण गोपाल गुरुबाचार्य मिति २०८०/०८/१३ देखि बिना जानकारी कार्यालयमा उपस्थिति नहुनु भएको र पटक पटक बिभिन्न माध्यमबाट गरेको ताकेतालाई अटेर गरी सम्पर्कमा नआएको हुनाले आजको मितिले ७ दिन भित्र कार्यालयमा हाजिरी भै तपाई कार्यरत रहदाँ तपाईको जिम्मामा रहेको सम्पुर्ण बुझबुझारथ गर्नु हुन सुचित गरिन्छ अन्यथा नियमानुसार कार्यबाही हुने व्यहोरा जानकारी गरिन्छ ।

**ऋण अधिकृतको विवरण**
नाम: लक्ष्मण गोपाल गुरुबाचार्य
बाजे: लक्ष्मी दास गुरुबाचार्य
बाबु: आशा गोपाल गुरुबाचार्य
हाल ठेगाना: खुसिबुं,१७ काठमाडौं
ना.प्र.नं.: ६६८/१९२९/१०२५, काठमाडौं ।



Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Tahachal, Kathmandu, Bagmati Province, Nepal
Tel: +977-1-4598013/4598014
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

**Invitation for Sealed Quotation**

**Sealed Quotation No.: AEPC/IT/G/SQ/2081/82-01**
**Date of Notice Publication: 23 December 2024**

1. The AEPC invites sealed quotations from registered Company for the **"License Renewal of Firewall, Antivirus and Email Security Gateway"**
2. Interested eligible company may obtain further information and inspect the Bidding Document (SQ) in English at the office of AEPC or may visit e-GP system of PPMO: www.bolpatra.gov.np/egp.
3. SQ document in English is available online and may be downloaded for e-submission from the e-GP system of PPMO: www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of the bidding document (non-refundable fee) of NRs. 1,000.00 in the Rajaswa (Revenue) Bank Account as specified below and a scanned copy in PDF format of the voucher/receipt of the deposited amount must be submitted/uploaded along with the Electronic Bid.
Name of the Bank: **Rastriya Banijya Bank Ltd.**
Name of the Office: **Alternative Energy Promotion Center**
Office Code no: **308003502**
Office Account no: **1000200010000**
Rajaswa (revenue) Shirshak no: **14229**
4. Sealed Quotation must be submitted to the above office through e-GP system i.e. www.bopatra.gov.np/egp on or before **8 January 2025, 12:00 Noon.**
5. SQ must be valid for a period of 45 days counting from the date of bid opening and must be accompanied by a bid security amounting to minimum of **NRs. 45,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period.
6. If service providers wish to submit the Bid Security in the form of cash, the cash should be deposited in AEPC's Office Code 308002 and Account Name DTCO, Kathmandu, Bank Account No. 1201200001002524 at Nepal Rastra Bank, Thapathali and submit/upload the receipt of the deposited amount of cash along with the eBid.
7. Received Sealed Quotations shall be opened in the presence of service provider's representatives who choose to attend at **12:15 P.M. on 8 January 2025** at the office of AEPC, Tahachal, Kathmandu, Nepal.
8. Other details are provided in the uploaded document.

**हिमाल वाटर पार्क एण्ड भिलेज होटल लिमिटेड**
विरगञ्ज महानगरपालिका वडा नं.१७, पर्सा
E-mail : resv@clarksresortnepal.com
Website : www.clarkresortnepal.com

**प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**आदरणीय, शेयरधनीमहानुभावहरु**
हिमाल वाटर पार्क एण्ड भिलेज होटल लिमिटेडको मिति २०८१।०९।०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा यस कम्पनीको प्रथम वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**
**मिति** : २०८१ साल पौष २९ गते सोमबार
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, विरगञ्ज महानगरपालिका वडा नं.१७, पर्सा
**समय** : बिहान ११:०० बजे

**छलफल गर्ने विषयहरु**
**क. सामान्य प्रस्तावहरु**
१. आ.व. २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुसहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्त तोक्ने ।
४. सञ्चालक समितिको तर्फबाट आ.व. २०८०।०८१ मा भए गरेका निणर्यहरु अनुमोदन गर्ने ।
५. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धमा ।
६. सञ्चालक समितिको निर्वाचन सम्बन्धमा ।

**ख. बिशेष प्रस्तावहरु :**
१. कम्पनी संचालनको क्रममा कम्पनीको हाल कायम चुक्ता पूँजी र सञ्चित मुनाफा(फ्रि रिजर्भ)को जम्मा रकम भन्दा बढी रकम विभिन्न बैंक तथा वित्तीय संस्थाबाट कृण लिन आवश्यक भएमा सो को लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
२. धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) जारी गर्ने सम्बन्धमा ।
३. धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) जारी गर्ने क्रममा नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन, थपघट, परिवर्तनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने बारे ।

**ग. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी :**
१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सभामा भाग लिन आउँदा आफनो परिचय खुल्ने कागजात, प्रवेश-पत्र वा आफ्नो शेयर प्रमाण-पत्र लिई आउनु हुन अनुरोध गरिन्छ ।
२. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि प्रोक्सी) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् २०८१ पौष २५ गते अपरान्ह ४:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । एक जना शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्तगर्न सकिने छैन । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि प्रोक्सी) नियुक्त गरिसके पछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुनेछ । तर मतदानगर्न पाउनु हुने छैन ।
३. लेखापरीक्षकको प्रतिवेदनसहित कम्पनीको बार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिबेदन समेतका कागजातहरु कम्पनी रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपि माग गरेमा प्रतिलिपि दिने व्यवस्था मिलाईएको छ ।
४. सञ्चालकको निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन समितिले तोके बमोजिम हुनेछ र सो सम्बन्धि सूचना कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा साधारणसभा हुनु भन्दा कम्तीमा ७(सात) दिन अगावै टाँस गरिनेछ ।
५. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभाकक्षमा उपस्थित भई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।
६. साधारण सभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।
७. बार्षिक साधारण सभा तथा सञ्चालकको निर्वाचन सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**हिमाल वाटर पार्क एण्ड भिलेज होटल लिमिटेड**
विरगञ्ज महानगरपालिका वडा नं.१७, पर्सा
फोन नं. ०५१-५९१७०४, ईमेल : resv@clarksresortnepal.com

## ज्योति क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं
## दोश्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१ पुष ५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका

**आदरणीय शेयरधनी महानुभावहरु,**
| बैंकको इक्विटीहोडरको लागि | २,८९५,०२८,३६८ | १,३३८,४३६,२७८ | २,८९७,४८७,८०१ | १,३२३,४११,०५२ |
| अल्पसंख्यक समूहको लागि | (३६३,९२५) | १,१५०,३३६ | | - |
| यस अवधिको नाफा | २,८९४,६६४,४४३ | १,३३९,५८६,६१४ | २,८९७,४८७,८०१ | १,३२३,४११,०५२ |
| **प्रति शेयर आम्दानी** | | | | |
| **बेशिक प्रति शेयर आम्दानी** | १९.१० | ७.५४ | १९.१२ | ७.४२ |
| **डाइलुटेड् प्रति शेयर आम्दानी** | १९.१० | ७.५४ | १९.१२ | ७.४२ |

**अन्य विस्तृत आम्दानीको विवरण**

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष रु. | गत वर्ष रु. | यस वर्ष रु. | गत वर्ष रु. |
| यस अवधिको नाफा | २,८९४,६६४,४४३ | १,३३९,५८६,६१४ | २,८९७,४८७,८०१ | १,३२३,४११,०५२ |
| अन्य विस्तृत आम्दानी, कर पछिको खुद | | | | |
| क) नाफा/नोक्सान हिसावमा पुनवर्गिकरण नहुने शीर्षकहरु | | | | |
| इक्विटी लगानीको फेयर भ्याल्यु मापनको कारणले भएको नाफा/(नोक्सान) | (३८०,६२५,७९०) | २,१२२,८८१,४०९ | (४३५,९१२,८९७) | १,९४५,२९९,३८७ |
| पुनर्मूल्यांकनमा नाफा/(नोक्सान) | | | | |
| परिभाषित लाभ योजनामा एक्चुरियल नाफा/(नोक्सान) | (३५०,६८५,१०२) | (६६५,१२७,४८२) | (३५०,६८५,१०२) | (६६५,१२७,४८२) |
| माथिका शीर्षकहरुसँग सम्बन्धित आयकर | २१९,३९३,२६८ | (४२८,२९८,९६२) | २३५,९७९,४०० | (३८४,०५१,५७२) |
| नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण नहुने खुद अन्य विस्तृत आम्दानी | **(५११,९१७,६२४)** | **१,०२९,४५४,९६५** | **(५५०,६१८,५९९)** | **८९६,१२०,३३३** |
| ख) नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण हुने वा हुनसक्ने शीर्षकहरु | | | | |
| सटही नाफा/(नोक्सान) (विदेशी संचालनको वित्तीय सम्पत्ति रुपान्तरणबाट भएको | | | | |
| माथिका शिर्षकहरुसँग सम्बन्धित आयकर | | | | |
| नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण | | | | |
| नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण हुने वा हुनसक्ने खुद अन्य विस्तृत आम्दानी | | | | |
| ग) एसोसियट्सको इक्विटी विधिबाट लेखांकन गरिएको अन्य विस्तृत आम्दानीको हिस्सा | | | | |
| यस अवधिको अन्य विस्तृत आम्दानी, कर पछिको खुद | **(५११,९१७,६२४)** | **१,०२९,४५४,९६५** | **(५५०,६१८,५९९)** | **८९६,१२०,३३३** |
| यस वर्षको कुल विस्तृत आम्दानी | **२,३८२,७४६,८१९** | **२,३६९,०४१,५७९** | **२,३४६,८६९,२०२** | **२,२१९,५३१,३८५** |
| कुल विस्तृत आम्दानी | | | | |
| बैंकको इक्विटी होल्डरको लागि | २,३८३,११०,७४४ | २,३६७,८९१,२४३ | २,३४६,८६९,२०२ | २,२१९,५३१,३८५ |
| अल्पसंख्यक समूहको लागि | (३६३,९२५) | १,१५०,३३६ | - | - |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | **२,३८२,७४६,८१९** | **२,३६९,०४१,५७९** | **२,३४६,८६९,२०२** | **२,२१९,५३१,३८५** |

**नगद प्रवाह विवरण**

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष रु. | गत वर्ष रु. | यस वर्ष रु. | गत वर्ष रु. |
| **कारोबार संचालनबाट नगद प्रवाह** | | | | |
| ब्याज आम्दानी | २६,७५९,०८५,७७८ | २३,३४९,६३५,५३४ | २६,७५८,९१३,७२३ | २३,३४९,२२५,५०१ |
| कमिशन तथा अन्य आम्दानी प्राप्त | १,६७२,३६८,५८७ | १,३७१,८५९,१७५ | १,६७२,३६८,५८७ | १,३७१,८५९,१७५ |
| लाभांश प्राप्त | | | | |
| अन्य कारोबार संचालनबाट प्राप्त | १८८,७५६,१६१ | ३१७,९४७,०१२ | १९२,८९४,६६३ | २९४,३७९,५५३ |
| ब्याज खर्च | (१७,११६,२५४,५८२) | (१५,५६६,९३४,७७४) | (१७,११७,५३९,०९९) | (१५,५६८,२९२,८३४) |
| कमिशन तथा फि खर्च | (२२९,२७५,२८३) | (२०९,१५६,४६१) | (२२९,२७५,२८३) | (२०९,१५६,४६१) |
| कर्मचारी खर्च | (४,३५५,७२८,०२८) | (४,१७१,७०१,५४४) | (४,३५२,०८१,९२६) | (४,१६८,६८८,०६१) |
| अन्य खर्च | (१,०४२,८७६,९८१) | (१,०२२,७५०,६२९) | (१,०४१,४७१,४९०) | (१,०२२,०५६,२८०) |
| संचालन सम्पत्ति तथा दायित्व परिवर्तन अघिको संचालन नगद प्रवाह | ५,८७६,०७५,६५२ | ४,०६८,८९८,३१३ | ५,८८३,८०९,१७५ | ४,०४७,२७०,५९३ |
| **संचालन सम्पत्तिमा कमी/(वृद्धि)** | | | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | (२,३१३,८५५,६४७) | (८८७,५४७,१३८) | (२,३१३,८५५,६४७) | (८८७,५४७,१३८) |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | (५,२१४,३००,०००) | १२७,९००,००० | (५,२१४,३००,०००) | १२७,९००,००० |
| अन्य व्यापारिक सम्पत्ति | (२५८,९८२,२६८) | ३४७,२६१,४८७ | (२७२,४९६,५९४) | १७३,२२०,१७८ |
| बैंक/वित्तीय संस्थालाई प्रदान गरिएको कर्जा रकम | ९४३,६६३,३४७ | (११,००५,६७८) | ९४३,६६३,३४७ | (११,००५,६७८) |
| ग्राहकहरुलाई प्रदान गरिएको कर्जा रकम | (२९,६५४,८७८,०७५) | (३,८४३,२२४,५२१) | (२९,६५८,९७८,०७५) | (३,८४३,२२४,५२१) |
| अन्य सम्पत्ति | १,५१७,९६६,७२७ | (२,२८१,१०७,०१९) | १,५१९,४५९,२९१ | (२,२८०,३३१,२३६) |
| संचालन दायित्वमा कमी/(वृद्धि) | **(३४,९८०,३८५,९१६)** | **(६,५४७,७२२,८६९)** | **(३४,९९६,५०७,६७८)** | **(६,७२०,९८८,३९५)** |
| बैंक/वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकम | (१,८९८,९०१,२१८) | (५,९०२,८२२,४२०) | (१,८९८,९०१,२१८) | (५,९०२,८२२,४२०) |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | - | (९,७७७,१३७,१३२) | - | (९,७७७,१३७,१३२) |
| निक्षेप दायित्व | ४४,१४६,५२७,८७७ | ३२,८९६,३३४,४२९ | ४४,१४२,०४४,४३८ | ३२,८९६,३४७,३५१ |
| सापट | ५२८,००९,५६८ | ३५९,३५२,२७२ | ५२८,००९,५६८ | ३५९,३५२,२७२ |
| अन्य दायित्व | ८७१,५६१,२५८ | ७०४,१३१,६७६ | ८७०,०९८,६७१ | ६९५,२२१,२३८ |
| कारोबार संचालनबाट कर भुक्तानी अघिको खुद नगद प्रवाह | १४,५४२,८८७,२२१ | १५,८०१,०३४,२६९ | १४,५२८,५५२,९५६ | १५,५९७,२४३,५०७ |
| आयकर भुक्तानी | (१,०१०,१७०,८२१) | (१,१५३,१३५,३०३) | (१,००९,७९८,६०१) | (९४३,४६८,९९१) |
| कारोबार संचालनबाट खुद नगद प्रवाह | १३,५३२,७१६,४०० | १४,६४७,८९८,९६६ | १३,५१८,७५४,३५५ | १४,६५३,७७४,५१६ |
| लगानी कारोवारमा नगद प्रवाह | | | | |
| धितोपत्र लगानी खरिद | (१७,६३४,३८१,३४६) | (९,७४९,५३०,५४२) | (१७,६२१,५७३,८१६) | (९,७५५,३५१,६६३) |
| धितोपत्र लगानी बिक्रीबाट प्राप्त | ७७,७८०,५६४ | - | ७७,७८०,५६४ | - |
| सम्पत्ति तथा उपकरण खरिद | (३४५,०७९,२९९) | (४५७,२७५,१३७) | (३४४,९६७,८४६) | (४५७,१९५,३४७) |
| सम्पत्ति तथा उपकरण बिक्रीबाट प्राप्त | | | | |
| अमुर्त सम्पत्ति खरिद | (२,३०१,०४७) | (४,६९३,९५०) | (२,३०१,०४७) | (४,६९३,९५०) |
| अमुर्त सम्पत्ति बिक्रीबाट प्राप्त | | | | |
| सम्पत्तिमा गरिएको लगानी | | | | |
| सम्पत्तिमा गरिएको लगानी बिक्रीबाट | | | | |
| ब्याज आम्दानी | | | | |
| लाभांश आम्दानी | ४६,४६०,६२४ | ५४,८०९,४८२ | ४६,३४३,०८० | ५४,६७५,२६३ |
| **लगानी कारोवारमा खुद नगद प्रवाह** | (१७,८५७,५२०,५०४) | (१०,१५६,६९०,१४७) | (१७,८४४,७१९,०६५) | (१०,१६२,५६५,६९७) |
| वित्तीय कारोवारबाट नगद प्रवाह | | | | |
| ऋणपत्र जारीबाट प्राप्त | | | | |
| ऋणपत्र भुक्तानी | | | | |
| सुरक्षण नराखिएको सहायक दायित्व प्राप्त | | | | |
| सुरक्षण नराखिएको सहायक दायित्व भुक्तानी | | | | |
| शेयर निष्काशनबाट प्राप्त | | | | |
| लाभांश भुक्तानी | (६३,९२५,५३९) | (१,५८८,६८८,४९४) | (६२,३७३,१४०) | (१,५८८,६८८,४९४) |
| ब्याज भुक्तानी | | | | |
| अन्य आम्दानी र भुक्तानी | | | | |
| वित्तीय कारोवारबाट खुद नगद प्रवाह | (६३,९२५,५३९) | (१,५८८,६८८,४९४) | (६२,३७३,१४०) | (१,५८८,६८८,४९४) |
| नगद तथा नगद सरहमा कमी/(वृद्धि) | **(४,३८८,७२९,६४३)** | **२,९०२,५२०,३२५** | **(४,३८८,३३७,८५०)** | **२,९०२,५२०,३२५** |
| नगद तथा नगद सरह, श्रावण १, २०७९ | ९,४६३,०५०,४१६ | ६,५६०,५३०,०९१ | ९,४६२,४२१,०९२ | ६,५५९,९००,७६७ |
| विनिमय दरमा भएको फरकबाट नगद तथा नगद सरहमा असर | | | | |
| **नगद तथा नगद सरह, आषाढ अन्तिम २०८०** | **५,०७४,३२०,७७३** | **९,४६३,०५०,४१६** | **५,०७४,०८३,२४२** | **९,४६२,४२१,०९२** |

**आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित प्रमुख कैफियत सम्बन्धमा संचालक समितिको निर्णय :**

आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरुको सुधार लेखापरिक्षकको सुझाव अनुरुप नै गरिने छ । संक्षिप्त वार्षिक आर्थिक विवरण लेखापरीक्षण भएको वित्तीय विवरण र सञ्चालक समितिको प्रतिवेदन अनुरुप छ ।

**कृषि विकास बैंक लिमिटेड**
**मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं**
**फोन नं. ०१-५७२११०७**

### बारा-पर्साका उद्योगमा अघोषित लोडशेडिङको असर

# एक तिहाइमा खुम्चियो औद्योगिक उत्पादन

ओमप्रकाश खनाल
वीरगञ्ज

**पछिल्ला दिनमा बढ्दो विद्युत् कटौती, गुणस्तरीय विद्युत् आपूर्तिको अभाव लगायत कारण उद्योगका उपकरण र कच्चापदार्थ बिग्रिनुका साथै उत्पादन प्रक्रियामा समेत नकारात्मक असर परिरहेको वीरगञ्ज उद्योग वाणिज्य संघले बताएको छ ।**

वीरगञ्ज-पथलैया औद्योगिक कोरिडोरका उद्योग प्रतिष्ठानमा नेपाल विद्युत् प्राधिकरणले विगत एक महीनादेखि गरिरहेको अघोषित लोडशेडिङ र विद्युत् कटौतीले उत्पादन प्रभावित भएको उद्योगीले बताएका छन् । उद्योग प्रतिष्ठानको 'अक्सिजनकै रूपमा रहेको' विद्युत्को नियमित आपूर्ति हुन नसक्दा कोरिडोरका उद्योगहरूको उत्पादन एक तिहाइमा खुम्चिएको वीरगञ्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपालले बताएका छन् ।

प्राधिकरणले २०७४ जेठमै घोषणा गरेको 'लोडशेडिङमुक्त औद्योगिक क्षेत्र' तथा 'उज्यालो नेपाल'को नाराबाट उद्योगी, व्यवसायी तथा सर्वसाधारण उत्साहित भएका थिए । तर पछिल्ला दिनमा बढ्दो विद्युत् कटौती, गुणस्तरीय विद्युत् आपूर्तिको अभाव लगायत कारण उद्योगका उपकरण र कच्चापदार्थ बिग्रिनुका साथै उत्पादन प्रक्रियामा समेत नकारात्मक असर परिरहेको संघले बताएको छ ।

'पर्सा-बारा औद्योगिक कोरिडोरका उद्योगहरूले विभिन्न समस्या खेपिरहेकै बेला विद्युत् कटौतीको समस्या समेत थपिँदा उद्योगी व्यवसायी मर्कामा परेका छन् । विद्युत् कटौतीका बेला डिजी सेटबाट उद्योग सञ्चालन गर्नुपर्दा उत्पादन लागत बढेर उद्योगहरूले आफ्नो प्रतिस्पर्धात्मक क्षमता गुमाउँदै गएका छन् । त्यस्तै साना उद्योगले विद्युत् कटौतीको बेला डिजी सञ्चालन गर्न नसक्ने भएकाले उद्योग नै बन्द राख्नुपर्ने अवस्था छ,' संघको विज्ञप्तिमा उल्लेख छ ।

वीरगञ्ज-पथलैया औद्योगिक कोरिडोरमा अवस्थित औद्योगिक फिडरमा २४ घण्टामा १४-१५ पटकसम्म ट्रिपिङ भइरहेकाले औद्योगिक उपकरण बिग्रिनुका साथै कच्चापदार्थ नोक्सान भइरहेको उद्योगीले बताएका छन् । यस समस्याको समाधानका लागि लोडशेडिङको निश्चित समयावधि नै तोकेर बाँकी समयमा गुणस्तरीय विद्युत् आपूर्ति गर्नुपर्ने संघका उपाध्यक्ष राजपालले बताए ।

'हिउँद मौसममा प्रत्येक वर्ष विद्युत् आपूर्तिमा समस्या आइरहेकाले यसको दीर्घकालीन समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छौं । उद्योगहरूबाट खपत भएको विद्युत् महशुलको रकम जुन किसिमले नेपाल विद्युत् प्राधिकरणले असुल गर्दछ, सोही किसिमको गुणस्तरीय विद्युत् आपूर्ति गर्नुपर्दछ,' संघको विज्ञप्तिमा उल्लेख छ ।

नेपाल सरकार
उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी गर्न आउने बारेको सूचना**
यस कार्यालयमा मिति २०८०/१२/२५ मा दर्ता भएको **प्रा.लि.नं. ३३३७३५ को साकुरा नेपाल एजुकेशनल कन्सल्टेन्सी प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनैतिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Vacancy Announcement**
***First Published on: 30th Mangsir 2081***
Jana Bhawana Campus, a QAA certified higher education institution, is seeking applications from qualified Nepalese citizens for the following positions:

| S. N. | Post Title | No. | Qualification |
|---|---|---|---|
| 1 | Section Officer (Admin and Finance Officer) | 1 | Master's degree in Management, Accountancy or Finance or equivalent at least in the second division. |
| 2 | Assistant Accountant (Front Desk Officer Cum. Finance Assistant) | 1 | Bachelor's degree in management or equivalent. |

Application along with CV, Cover Letter and copies of Academic Certificates must be sent to **janabhawanacampus@gmail.com** by **14th Poush, 2081**. Only short-listed candidates will be called in for the written examination.
**Contact no. 01-5265512**

# ७२ हजारभन्दा बढीले घुमे चितवन राष्ट्रिय निकुञ्ज



चितवन । चालू आर्थिक वर्षको साउनदेखि मङ्सिरसम्ममा ७२ हजार ४६१ जनाले चितवन राष्ट्रिय निकुञ्ज भ्रमण गरेका छन् । तीमध्ये विदेशी पर्यटक ३३ हजार ७३० जना रहेको निकुञ्जका सूचना अधिकारी एवं संरक्षण अधिकृत अविनाश थापामगरले जानकारी दिए । उनका अनुसार यस अवधिमा ३२ हजार ८८० नेपाली तथा पाँच हजार ८५१ जना दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) मुलुकका पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् ।

उक्त संख्यामा पर्यटकले भ्रमण गर्दा १० करोड रुपैयाँभन्दा बढी राजस्व रकम संकलन भएको छ । निकुञ्ज घुम्न आएका आन्तरिक तथा बाह्य पर्यटकबाट निकुञ्ज प्रवेश शुल्कबापत पाँच महीनाको अवधिमा १० करोड ६७ लाख एक हजार नौ सय रुपैयाँ राजस्व संकलन भएको उनले जानकारी दिए ।

यस अवधिमा निकुञ्जले घडियाल प्रजनन केन्द्र कसरामा हुर्काएका ४१ घडियाल गोहीलाई प्राकृतिक वासस्थानमा छोडेको छ । पाँच वर्षमाथिका घडियाललाई विभिन्न तीन पटकमा गरी ४० पोथी र एक भाले राप्ती नदीमा लगेर छाडिएको अधिकृत थापामगरले जानकारी दिए ।

निकुञ्जले वन्यजन्तुको संरक्षण र चोरी सिकारी नियन्त्रणका लागि विभिन्न समयमा स्थानीयसँगको सहकार्यमा बैठक बस्ने तथा कार्ययोजना बनाएर काम गर्ने गरेको उनले बताए । निकुञ्जको पश्चिम क्षेत्रमा गैंडाको संख्या धेरै देखिएको जनाउँदै पूर्वी क्षेत्रमा स्थानान्तरण गर्ने तयारी गरिएको उनले जानकारी दिए । निकुञ्जको पश्चिम सेक्टर नवलपुर क्षेत्रमा गैंडाको संख्या धेरै पाइएकाले नारायणी नदीमा आउने बाढीले गैंडालाई बगाएर भारततर्फ लैजान सक्ने भएकाले संरक्षणका लागि स्थानान्तरण आवश्यक भएको उनको भनाइ छ ।

गैंडा स्थानान्तरणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिस्ट हरिभद्र आचार्य, चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका वरिष्ठ संरक्षण अधिकृत डा. गणेश पन्त, राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ नयाँ गोरख गणका गणपति, डिभिजनल वन अधिकृत, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्षहरू, पर्यटन समितिका पदाधिकारीका साथै व्यवसायी, स्थानीय तहका प्रतिनिधिसहित सरोकारवालाको उपस्थितिमा गैंडाको आन्तरिक स्थानान्तरणका लागि पूर्वतयारी छलफल तथा अन्तरक्रिया गरिएको अधिकृत थापामगरले बताए । *रासस*

# 'एनपीएलले नेपालमा क्रिकेटको व्यावसायिक सम्भावना बढायो'



जनकपुर । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले नेपाल प्रिमियर लिग (एनपीएल)ले नेपालमा क्रिकेटको व्यावसायिक सम्भावना बढाएको बताएका छन् । उनले यस्ता प्रतियोगिताबाट खेल पर्यटनलाई बढावा दिने आधार तयार भएको उल्लेख गरे । एनपीएलमा जनकपुर बोल्ट्सले जित हासिल गरेपछि प्रतिक्रिया दिँदै मुख्यमन्त्री सिंहले एनपीएलले अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि नेपालका खेलाडी थप तयार छन् भन्ने सन्देश संसारसामु पुगेको बताए । खेलले एकता, सद्भाव र सहिष्णुताको भावना विकसित गर्ने गरेको उल्लेख गर्दै उनले एनपीएल र यस्ता प्रतियोगिताले नेपाली क्रिकेटको अब्बल स्तरलाई दर्शाएको उल्लेख गरे ।

एनपीएलको अन्तिम तथा निर्णायक खेलमा जनकपुर बोल्ट्सको जितले प्रदेशका खेलाडीहरूको आत्मबल, प्रतिष्ठा तथा उत्साहमा वृद्धि भएको मुख्यमन्त्री सिंहको भनाइ थियो । उनले प्रदेशको धार्मिक तथा सांस्कृतिक शहर जनकपुरधामसँग जोडिएको नाम र प्रदेशवासीकै भाव बनेको जनकपुर बोल्ट्स विजयी हुँदा मधेश प्रदेशका बासिन्दामा रहेको खेलप्रतिको निष्ठा अभिव्यक्त भएको बताए ।

मुख्यमन्त्री सिंहले प्रतियोगिता अवधिभर जनकपुर बोल्ट्सले गरेको उत्कृष्ट र आनन्दायक प्रदर्शनबाट प्रदेशवासीमा अन्तिम खेलसमेत जित्ने विश्वास पलाएको र टोली आफ्नो कुशल रणनीति, उच्च मनोबल र धीरतापूर्ण खेलबाट प्रदेशवासीको भरोसामा खरो उत्रेको उल्लेख गरे । मधेश प्रदेशको खेलकुद क्षेत्रको समग्र विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्री सिंहले बताए । *रासस*

## इमर्जिङ्ग नेपाल लिमिटेड

Emerging Nepal
**केन्द्रीय कार्यालयः** कृष्ण टावर, दोस्रो तल्ला, नयाँबानेश्वर, काठमाडौं ।
फोन नं. ०१-४७९६०९९ । ईमेलः mail@emergingnep.com

### नवौं वार्षिक साधारण सभाको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०८

**श्री शेयरधनी महानुभावहरु,**
मिति २०८१/०९/०७ मा सम्पन्न यस कम्पनीको सञ्चालक समितिको ९३ औं बैठकको निर्णयानुसार कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, स्थान र समयः**
मिति : २०८१ पौष २९ गते, सोमबार (तदनुसार १३ जनवरी , २०२५)
स्थान : लिसरा रिसेप्सन, नक्साल, काठमाडौं ।
सभा शुरु हुने समय : बिहान ९:३० बजे ।
उपस्थिति पुस्तिका बिहान ८:३० बजे देखि खुल्ला राखिने छ ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचीः**
(क) **सामान्य प्रस्तावः**
१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ अषाढ मसान्तसम्मको वासलात र आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी इमर्जिङ्ग भेन्चर लि. तथा होटल एलिस द वन्डर इन लि. को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री K.J. & Associates, Chartered Accountant पुनः नियुक्त हुन योग्य रहेको ।)
५) संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालक चयनको लागि निर्वाचन गर्ने ।

(ख) **विविधः**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी जानकारीः**

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको निजहरुको ठेगानामा साधारण सभाको सूचना र कम्पनीको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पूरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस कम्पनीको रजिष्टर्ड कार्यालय नयाँ बानेश्वर काठमाण्डौंमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै, उपरोक्त उल्लेखित विवरण/प्रतिवेदनहरु यस कम्पनीको वेवसाइट www.emergingnep.com मा समेत उपलब्ध हुने व्यहोरा जानकारी गराउँदछौं ।
२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश पाईने छैन । हाजिरी पुस्तिका बिहान ८:३० बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहनेछ ।
३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनीको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८१/०९/२७ गते विहान ९:३० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौंमा दर्ता गराईसक्नुपर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनुपर्नेछ ।
४. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरुले सभामा भाग लिन र मतदान गर्न पाउनुहुनेछ ।
५. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।
६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्र १० काठमाण्डौं मा दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।
७. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले पहिले दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउने छ । यस्तो अवस्थामा अघि दिएको प्रतिनिधि स्वतः बदर गरेको मानिनेछ ।
८. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८१/०९/१७ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१७ गते भन्दा अगाडि कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन, मतदान गर्नका लागि योग्य हुनेछन् ।
९. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय नयाँ बानेश्वर काठमाण्डौं (टेलिफोन नं. ०१४७९६० ९९), कम्पनीको वेभसाईट www.emergingnep.com मा वा कम्पनी सचिवलाई सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

### आ.व. २०८०/८१ को संक्षिप्त वार्षिक वित्तीय विवरण

(क) **प्रमुख सूचकाङ्कः**
आर्थिक वर्ष २०८०/८१ को कम्पनीको आर्थिक विवरण र प्रमुख सूचकाङ्कहरु निम्न बमोजिम रहेका छन् ।
*(रकम रु. मा)*

| शीर्षक | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० | वृद्धि प्रतिशत |
|---|---|---|---|
| चुक्ता पूँजी | ५५५,६००,००० | ५५५,६००,००० | ० |
| नेट वर्थ | ६१९,१४२,८६१ | ६२७,५५१,२०१ | (१.३४) |
| लगानी | ६१२,१६४,०३७ | ५९०,५३८,१९९ | ३.६६ |
| सञ्चालन मुनाफा | १६,७४६,६८४ | २१,८४८,३५७ | (२३.३५) |
| कर पछिको खुद मुनाफा | १६,१०३,७८५ | १९,८२०,८८३ | (१८.७५) |
| प्रति शेयर आम्दानी | २.९० | ३.५७ | (१८.७७) |

**लेखापरीक्षकको प्रतिवेदन**


K.J. & ASSOCIATES
Chartered Accountants
INDEPENDENT AUDITOR'S REPORT

**इमर्जिङ्ग नेपाल लिमिटेड**
**२०८१ साल आषाढ मसान्तको**
**वासलात**

| पूंजी तथा दायित्व | समूह | | इ. एन. एल | |
|---|---|---|---|---|
| | यस वर्ष रु. | गत वर्ष रु. | यस वर्ष रु. | गत वर्ष रु. |
| १. शेयर पूंजी | ५५५,६००,००० | ५५५,६००,००० | ५५५,६००,००० | ५५५,६००,००० |
| २. जगेडा तथा कोषहरु | ३७,३२१,५८६ | १४,९९७,५०३ | ३७,२७२,७४६ | १४,९९७,५०३ |
| ३. सचिंत मुनाफा | १७,२२१,६१५ | ४६,६१२,६०८ | २६,२७०,११५ | ५६,९५३,६९८ |
| ४. गैर नियन्त्रित स्वार्थ | ३२,०३१,११० | २३,१९२,९४८ | ० | ० |
| ५. स्थगन कर दायित्व | ५,८९३,०१४ | ६९,०५१ | १२,३०८,९६१ | ५,१७९,३४३ |
| ६. चालू कर दायित्व | ० | ० | ० | ० |
| ७. अन्य दायित्व | ६,५९६,६८२ | ६,९८४,१०४ | ४,२४१,२१९ | ५,७८५,२८७ |
| **कूल पूंजी तथा दायित्व** | **६५४,६६४,००७** | **६४७,४५६,२१४** | **६३५,६९३,०४१** | **६३८,५१५,८३०** |
| | | | | |
| **सम्पत्ति** | **यस वर्ष रु.** | **गत वर्ष रु.** | **यस वर्ष रु.** | **गत वर्ष रु.** |
| १. नगद तथा नगद समान | ७,१७६,०७५ | १३,०६३,४२१ | ४,७१७,११४ | २,५४८,२१९ |
| २. अमुर्त सम्पत्ति | ५,३३२ | ७,१०९ | ५,३३२ | ७,१०९ |
| ४. लगानी सम्पत्ति | ५६२,१०१,३३७ | ५४३,९७३,१९९ | ६१२,१६४,०३७ | ५९०,५३८,१९९ |
| ५. स्थगन कर सम्पत्ति | ० | ० | ० | ० |
| ६. चालु कर सम्पत्ति | ५,३१६,०६९ | ४,०४१,२६४ | ५,०६०,११० | ४,०९३,९०४ |
| ७. सम्पत्ति तथा उपकरण | ७३,२११,२३५ | ७७,७२५,३८४ | २,४०५,५९४ | २,८९८,७०१ |
| ७. अन्य सम्पत्ति | १२,१७०,०२७ | १२,६८७,१०० | १६,४००,९६४ | ४२,५२३,६०२ |
| **कूल सम्पत्ति** | **६५४,६६४,००७** | **६४७,४५६,२१४** | **६३५,६९३,०४१** | **६३८,५१५,८३०** |

**इमर्जिङ्ग नेपाल लिमिटेड**
**२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको**
**नाफा नोक्सान हिसाब**

| विवरण | समूह | | इ. एन. एल | |
|---|---|---|---|---|
| | यस वर्ष रु. | गत वर्ष रु. | यस वर्ष रु. | गत वर्ष रु. |
| १. व्याज आम्दानी | १८,२८५,७४१ | २१,९४५,८१६ | १०,५४३,६३४ | १५,७५४,९३४ |
| २. संचालन आम्दानी | १६,७०४,४२८ | १५,०२६,०३६ | १५,९२८,३१६ | १४,३२३,८६७ |
| ३. अन्य आम्दानी | ० | ५३५,९८३ | १८६,०४८ | ५३४,१२७ |
| **कुल आम्दानी** | **३४,९९०,१६९** | **३७,५०७,८३४** | **२६,६५७,९९८** | **३०,६१२,९२७** |
| ४. कर्मचारी खर्च | ६,७७६,४१८ | ५,९७८,७६७ | ५,६८०,९८५ | ५,३७०,३७१ |
| ५. अन्य सञ्चालन खर्च | ४,२२२,५४९ | ४,६८०,७५१ | ३,२४५,७७० | २,६५७,४४९ |
| ६. हास कट्टी र परिशोधन | ४,६९४,२५८ | ५,१३४,६७८ | ६१८,३३५ | ७३६,७५१ |
| **कुल खर्च** | **१६,०५९,४४८** | **१५,७९४,१९६** | **९,९११,३१४** | **८,७६४,५७१** |
| आयकर अघिको नाफा | १८,९३०,७२१ | २१,७१३,६३८ | १६,७४६,६८४ | २१,८४८,३५६ |
| चालु कर | २,८०३,३४१ | ३,४१६,०९८ | ९३८,३६० | २,०३४,८२६ |
| स्थगन कर | (१,६०१,११७) | (१,४१२,७८२) | (२९५,४६२) | (७,३५३) |
| **यस आर्थिक वर्षको खूद नाफा** | **१७,७२८,४९७** | **१९,७१०,३२२** | **१६,१०३,७८५** | **१९,८२०,८८३** |

**इमर्जिङ्ग नेपाल लिमिटेड**
**नगद प्रवाह विवरण**
**२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको**

| विवरण | समूह | | इ. एन. एल | |
|---|---|---|---|---|
| | यस वर्ष रु. | गत वर्ष रु. | यस वर्ष रु. | गत वर्ष रु. |
| **कारोबार संचालनबाट नगद प्रवाह** | | | | |
| कर पछिको खुद आम्दानी | १७,७२८,४९७ | १९,७१०,३२२ | १६,१०३,७८५ | १९,८२०,८८३ |
| **समायोजन** | | | | |
| हास कट्टी र परिशोधन | ४,६९४,२५८ | ५,१३४,६७८ | ६१८,३३५ | ७३६,७५१ |
| व्याज आम्दानी | (१८,२८५,७४१) | (२१,९४५,८१६) | (१०,५४३,६३४) | (१५,७५४,९३४) |
| व्याज खर्च | ३६६,२२४ | ० | ३६६,२२४ | ० |
| चालु सम्पत्तिमा कमी/ (वृद्धि) | ५१७,०७३ | (१,२०९,७१६) | २६,१२२,६३८ | (९,२४१,११२) |
| चालु दायित्वमा वृद्धि/ (कमी) | (३८७,४२२) | २०,१७२,४७८ | (१५,४४,०६८) | ७,९७२,५९३ |
| **कारोबार संचालनबाट खुद नगद प्रवाह** | **२६,९०८,१३२** | **२१,८६१,९४६** | **५३,३९८,५२४** | **३,५३४,१८१** |
| **लगानी कारोबारमा नगद प्रवाह** | | | | |
| सम्पत्ति खरिदबाट नगद प्रवाह | (१२३,४५१) | (४,५५४,२७६) | (१२३,४५१) | (५,५६०) |
| सम्पत्ति विक्रीबाट नगद प्रवाह | ० | ० | ० | ० |
| व्याज आम्दानी | १८,२८५,७४१ | २१,९४५,८१६ | १०,५४३,६३४ | १५,७५४,९३४ |
| व्याज खर्च | (३६६,२२४) | ० | (३६६,२२४) | ० |
| लगानीमा कमी/(वृद्धि) | (१८,१२८,१३८) | (३१,०८३,०५९) | (२१,६२५,८३८) | (२१,५८३,०५९) |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **(५,४९१,८९१)** | **(१३,६९१,५२०)** | **(४,४४२,२६०)** | **(५,८३३,६८६)** |
| **वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | | | | |
| शेयर निष्काशनबाट प्राप्त | ८,५००,००० | ० | ० | ० |
| लाभांश वितरण | (४६,७८७,३६८) | ० | (४६,७८७,३६८) | ० |
| **वित्तीय स्रोत कारोबारबाट खुद नगद प्रवाह** | **(३८,२८७,३६८)** | **०** | **(४६,७८७,३६८)** | **०** |
| नगद वा नगद समानमा भएको खुद वृद्धि/(कमी) | (५,८८७,३४५) | ८,१७०,४२७ | २१,६८,८९५ | (२२,९९,५०४) |
| नगद /नगद समानको शुरु मौजात | १३,०६३,४२१ | ४,८९२,९९४ | २,५४८,२१९ | ४,८४७,७२३ |
| **नगद तथा बैकमा रहेको अन्तिम मौज्दात** | **७,१७६,०७५** | **१३,०६३,४२१** | **४,७१७,११३** | **२,५४८,२१९** |

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
सोमवार, ८ पुस २०८१ | Monday, 23 December 2024
आर्थिक अभियान

# नबिल बैंकद्वारा अस्थायी आवास हस्तान्तरण

काठमाडौं (अस) । नबिल बैंकले जाजरकोट र रुकुम पश्चिममा भूकम्पपछि निर्माण गरेका ९६ ओटा अस्थायी आवास हस्तान्तरण गरेको छ । आइतवार एक कार्यक्रमबीच बैंकका अध्यक्ष उपेन्द्रप्रसाद पौडेलले नलगाड नगरपालिकाका मेयर डम्बरबहादुर रावत र चौरजहारी नगरपालिकाका मेयर पुष्प बादीलाई आवास हस्तान्तरण गरेका हुन् । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना, बैंकका सञ्चालक निर्वाण चौधरी लगायत उच्च पदाधिकारीको उपस्थिति थियो ।

बैंकका अध्यक्ष पौडेलले बैंक समाजमा सकारात्मक प्रभाव पार्न सधैं प्रतिबद्ध रहेको बताए । प्राकृतिक प्रकोपबाट प्रभावितलाई सहयोग पुऱ्याउने उद्देश्यले बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत



**बैंकका अध्यक्ष उपेन्द्रप्रसाद पौडेलले नबिल बैंक समाजमा सकारात्मक प्रभाव पार्न सधैं प्रतिबद्ध रहेको बताए ।**

यो परियोजना अघि बढाएको जानकारी उनले दिए ।

बैंकले स्थानीय सरकारसँगको साझेदारीमा जाजरकोटको नलगाड नगरपालिका-१ मा ४७ र रुकुम पश्चिमको चौरजहारी नगरपालिका-१ मा ४९ अस्थायी आवास निर्माण गरेको थियो । बैंकले अस्थायी आवास बनाउन आवश्यक जस्तापाता, बाँस, सिमेन्ट, रङरोगन, किल्लाकाँटीजस्ता निर्माण सामग्री उपलब्ध गराएको थियो ।

कार्यक्रममा नलगाड नगरपालिकाका मेयर रावत र चौरजहारी नगरपालिकाका मेयर बादीले भूकम्प प्रभावितलाई सुरक्षित ओत लाग्ने ठाउँ उपलब्ध गराउन नबिल बैंकले पुऱ्याएको सहयोग महत्त्वपूर्ण रहेको बताए । निजीक्षेत्रले राज्यको दायित्वमा साथ दिएर सामाजिक उत्तरदायित्व पूरा गर्नु प्रशंसनीय रहेको उनीहरूको भनाइ थियो ।

२०८० साल कात्तिक १७ गते जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्रविन्दु भएर गएको ६ दशमलव ४ रेक्टर स्केलको भूकम्पले जाजरकोट र रुकुम पश्चिममा ठूलो क्षति पुऱ्याएको थियो । नबिल बैंकले प्रभावित क्षेत्रको जनताको सहयोगका लागि १ करोड रुपैयाँ बराबरको सहयोगको घोषणा गरेको थियो ।

नबिल बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न समयमा विपद् प्रभावितलाई राहत उपलब्ध गराउँदै आएको छ । बैंकले भविष्यमा पनि समाजमा सकारात्मक परिवर्तन ल्याउने कार्यक्रम सञ्चालन गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

### एसएमई प्लेटफर्म सञ्चालनको नियमावली स्वीकृत

# धितोपत्र बजारमा एसएमईको छुट्टै कारोबारको बाटो खुल्यो

**अभियान संवाददाता**

काठमाडौं

साना तथा मझौला संगठित संस्थाका लागि छुट्टै प्लेटफर्म बनाई धितोपत्रको दोस्रो बजारमा कारोबार गर्न दिने हेतुले गरिएको कानूनी सुधारको प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ । अर्थतन्त्रमा विशेष योगदान दिँदै आएका साना तथा मझौला उद्योग (एसएमई) लाई प्राथमिक शेयर (आईपीओ) निष्कासनको अनुमति दिने र एसएमई प्लेटफर्ममा दर्ता भई कारोबार हुनेगरी धितोपत्र निष्कासन तथा कारोबार नियमावली, २०८१ मा संशोधन प्रस्ताव गरिएको थियो । प्रस्तावित प्लेटफर्ममा कारोबार हुने कम्पनीको चुक्तापूँजी बढीमा २५ करोड रुपैयाँसम्म हुने व्यवस्था संशोधित नियमावलीमा गरिएको छ । तर, यस्ता संस्थाको उपस्थिति र बजारको अवस्था हेरेर नेपाल धितोपत्र बोर्डले चुक्तापूँजीको सीमा हेरफेर गर्न सक्ने नियमावलीमा उल्लेख छ ।

पुस ५ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त नियमावली तयार गर्न बोर्डलाई स्वीकृति दिने निर्णय गरेको हो । यससँगै अब बोर्डले तोकेको मितिदेखि साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार सम्बन्धी नियमावली, २०८१ कार्यान्वयनमा आउनेछ । नेपाल धितोपत्र बोर्डले २०८० जेठ ७ गते उक्त नियमावली स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेश गरेको थियो । २०८० जेठ ४ गतेको बोर्ड सञ्चालक समितिको बैठकले नियमावली स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने निर्णय गरेको थियो ।

धितोपत्र बजारका विज्ञ समूहमार्फत गहन अध्ययनपछि तयार भएको नियमावलीका व्यवस्थाले धितोपत्र बजारमा नयाँ आयाम थप्ने अपेक्षा बोर्डको छ । यो नियमावली कार्यान्वयनले साना तथा मझौला कम्पनीलाई पूँजी परिचालन गर्न सहज हुने विश्वास गरिएको छ । यद्यपि यसको सफल कार्यान्वयनका लागि कस्तो प्रणाली विकास गर्ने भन्ने विषयमा बोर्ड स्पष्ट हुनुपर्ने जानकारहरू बताउँछन् ।

अर्थतन्त्रमा विशेष योगदान दिँदै आएका साना तथा मझौला कम्पनीलाई प्राथमिक शेयर निष्कासनको अनुमति दिन सकिने नयाँ व्यवस्था नियमावलीमा गरिएको छ । यस्ता संस्थाले धितोपत्रको सार्वजनिक निष्कासन गर्दा जारी पूँजीको ३० प्रतिशतभन्दा घटी र ४९ प्रतिशतभन्दा बढी नहुने गरी गर्नुपर्नेछ । निष्कासन गरिने धितोपत्रको अंकित

**प्रस्तावित प्लेटफर्ममा कारोबार हुने कम्पनीको चुक्तापूँजी बढीमा २५ करोड रूपैयाँसम्म हुने व्यवस्था संशोधित नियमावलीमा गरिएको छ । तर, यस्ता संस्थाको उपस्थिति र बजारको अवस्था हेरेर नेपाल धितोपत्र बोर्डले चुक्तापूँजीको सीमा हेरफेर गर्न सक्नेछ ।**

मूल्य प्रतिकित्ता १०० रुपैयाँ हुनेछ ।

सर्वसाधारणका लागि निष्कासन गरिएको धितोपत्रबाहेक अन्य धितोपत्र सर्वसाधारणमा शेयर बाँडफाँट भएको मितिदेखि तीन वर्ष नभएसम्म विक्री गर्न पाइनेछैन । तर प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल, हेज फण्ड वा यस्तै प्रकारको कोषको रूपमा बोर्डमा वा विदेशमा दर्ता भएको कोषको स्वामित्वमा रहेको धितोपत्र भने सर्वसाधारणमा बाँडफाँट भएको मितिले एक वर्षको अवधि पूरा भएपछि विक्री गर्न पाइने व्यवस्था नियमावलीमा छ ।

यस्ता कम्पनीले धितोपत्रको सार्वजनिक निष्कासन गर्न तोकिएका शर्तहरू पूरा गर्नुपर्नेछ । नियमावलीमा भएको व्यवस्था बमोजिम धितोपत्रको सार्वजनिक निष्कासन गर्ने साना तथा मझौला संगठित संस्थाले पब्लिक कम्पनीको रूपमा कारोबार सञ्चालन गरेको एक आर्थिक वर्ष पूरा हुनुपर्नेछ । धितोपत्रको सार्वजनिक निष्कासन सम्बन्धमा निष्कासन तथा विक्री प्रबन्धकसँग सम्झौता भइसकेको, संस्थापकहरूले लिन कबुल गरेको धितोपत्रको रकम शतप्रतिशत चुक्ता भइसकेको र सर्वसाधारणका लागि निष्कासन गरिने सम्पूर्ण धितोपत्रको प्रत्याभूति गरिएको हुनुपर्नेछ ।

उक्त नियमावली अनुसार धितोपत्र निष्कासन गर्ने संगठित संस्थालाई क्रेडिट रेटिङ अनिवार्य छैन । तर बोर्डले निर्देशन दिएमा क्रेडिट रेटिङ गराउनुपर्ने हुन सक्छ । संगठित संस्थाले धितोपत्र सार्वजनिक निष्कासनका लागि नियामक निकाय नेपाल धितोपत्र बोर्डबाट स्वीकृति लिनुपर्नेछ । सार्वजनिक निष्कासन गरिने धितोपत्रको दरखास्त खुला रहने अवधि दरखास्त खुला भएको मितिले कम्तीमा दुई कार्यदिन हुनेछ । यस अवधिभित्र सबै धितोपत्र विक्री नभएमा बढीमा १५ दिनका लागि दरखास्त खुला राख्न सकिने व्यवस्था छ ।

नियमावली बमोजिम निष्कासनमा आउने धितोपत्र न्यूनतम १५० कित्ता खरीदका लागि आवेदन दिनुपर्ने व्यवस्था छ । धितोपत्र सार्वजनिक निष्कासनमा हाल बुक बिल्डिङ विधिबाट निष्कासनमा आएको धितोपत्र खरीदका लागि न्यूनतम ५० कित्ता आवेदन दिनुपर्नेछ भने अन्य विधिका सार्वजनिक निष्कासनका धितोपत्र खरीदका लागि न्यूनतम १० कित्ताको व्यवस्था छ ।

---

**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

**प्रधान कार्यालय**
**कर्जा असुली विभाग**

## नेपाल बैंक लिमिटेडको धितोमा रहेको सुरक्षण गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

**(प्रकाशित मिति २०८१/०९/०८)**

नेपाल बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखाहरुबाट कर्जा पार्टीहरुले उपभोग गरेका कर्जाहरुको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्नका लागि पटक-पटक तरताकेता गरिएकोमा हालसम्म पनि कर्जा चुक्ता नभएको हुँदा सुरक्षण बापत बैंकलाई लेखिदिएको तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो चल अचल सम्पत्ति खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफूले के-कति मूल्य तिरी लिने हो सो को मूल्य खोली सम्बन्धित शाखा वा यस विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०९/२२ गते) भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन निम्नानुसारको शर्तनामा पालना गरी गोप्य सिलबन्दी वोलपत्र सम्बन्धित शाखा वा यस विभागमा पेश गर्नुहुन आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम दस्तुर पछि फिर्ता नहुने गरी जम्मा गरेपछि सम्बन्धित शाखा वा प्रधान कार्यालय कर्जा असुली विभागबाट उपलव्ध गराइनेछ ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफुले लिन चाहेको "सम्बन्धित जग्गा, घर टहरा खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ ।
बोलपत्र पेश गर्ने अन्तिम मिति (अर्थात मिति २०८१/०९/२२ गते) को भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिनको १:०० बजे सम्बन्धित शाखा र प्रधान कार्यालय कर्जा असुली विभागमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको उपस्थिति तथा अन्य प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम यस बैंकको सण्ड्री केडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा कम्तिमा ३ महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानतपत्र वा :बलबनभचक ऋजभत्रगभर न्ययम ायच एबथ्भलत ऋजभत्रगभ धरौटी बापत पेश गर्नुपर्नेछ ।
४. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । उपरोक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण बोलपत्रदातालाई दिइने छैन ।
६. जग्गा, घर टहरा, मिल मेशिनरी र सवारी साधनसँग सम्बन्धित कागजात हेर्न चाहनेले सम्बन्धित शाखा वा प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ ।
७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछ ।
८. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयम्ले व्यहोर्नुपर्नेछ ।
९. निम्न उल्लेखित जग्गा, घर टहरा छुट्टाछुट्टै वा संयुक्त खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
१०. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्ने भए सो फर्म/कम्पनी दर्ता/नविकरण प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
११. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
१२. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरु राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन ।

**तपसिल**

**लाजिम्पाट शाखा**

**कर्जा भएको शाखा : लाजिम्पाट शाखा, शिल्ड टेण्डर बुझाउने स्थान : प्र.का. कर्जा असुली बिभाग**

**१. ऋणीको नाम :– आरभ ट्रेड एण्ड इन्टरनेशनल प्रा.लि. सञ्चालकहरुः रुची मितल, अभिषेक अग्रवाल र कुन्दन थापा मगर ठेगाना : ललितपुर-३, ललितपुर**

| सवारीको विवरण | फाराम दस्तूर |
|---|---|
| नेपाल बैंक लिमिटेड (ऋणी आरभ ट्रेड एण्ड ईन्टरनेशनल प्रा.लि.) को नाममा सवारी दर्ता नं बागमती प्रदेश–०१, ०२८ च ३९९५ रहेको NEXON EV CAR (Engine Number TZ230XS56FJ22043614, Chasis Number MAT635011NLP15692, Made year 2023) | रु. १०००/– |
| नेपाल बैंक लिमिटेड (ऋणी आरभ ट्रेड एण्ड ईन्टरनेशनल प्रा.लि.) को नाममा सवारी दर्ता नं बागमती प्रदेश–०१, ०२८ च ०८१७ IONIQ 5.00 EV CAR (Engine Number EM17N3X8401D, Chasis Number KMHKM81BUNU094963, Made Year 2022) | रु. ३०००/– |

**२. ऋणीको नाम :– आरभ ट्रेड एण्ड इन्टरनेशनल प्रा.लि. सञ्चालकहरु : रुची मित्तल, अभिषेक अग्रवाल र कुन्दन थापा मगर ठेगाना : ललितपुर-३, पुल्चोक, ललितपुर**

| जग्गाधनीको विवरण | ठेगाना | सुरक्षणको विवरण | | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| | | कि. नं. | क्षेत्रफल (रोपनी) | | |
| रुची मित्तल | ललितपुर जिल्ला, साबिक गोदामचौर - ३ | १३३५<br>१३३७ | १-१२-२-०<br>०-१३-१-० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००।- |
| रुची मित्तल | ललितपुर जिल्ला, साबिक गोदामचौर - ३ | १३३६<br>१३३८ | २-१-०-०<br>१-१-०-० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५,०००।- |

---

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Tahachal, Kathmandu, Bagmati Province, Nepal
Phone: +9771-4598013, 4598014 Fax: 01-5542397
Website: www.aepc.gov.np, Email: info@aepc.gov.np

## REQUEST FOR PROPOSALS

**Contract Identification Number: AEPC/BES/RFP/2081/82-01**
**Date of Notice Publication: 23 December 2024**

Alternative Energy Promotion Centre (AEPC), a National focal agency promoting renewable energy technologies in Nepal, is currently executing various Renewable Energy Programs with the support of the Government of Nepal and various international development partners. AEPC hereby Requests for Proposal (RFP) from eligible Consulting Firms/Institutions for the tasks: **"Conduction of Small and Medium Sized Biogas Construction Training"**

- The proposal must contain **Technical** and **Financial** proposals sealed in **Separate Envelopes.** Both the sealed proposals must be sealed in another single envelop mentioning **Title** of the task and **RFP Number.**
- Detailed RFP (with ToR) for the above task can be downloaded from **www.aepc.gov.np** or can be obtained from AEPC, Tahachal, Kathmandu, Nepal.
- Proposal (in Hard Copy) must be delivered manually to the address above by **12:00 hour's local time** on or before **7 January 2025.**
- Received Proposal (Technical) shall be opened in the presence of Proponents' representatives who choose to attend at **12:30 P.M. on 7 January 2024** at the office of **AEPC, Tahachal, Kathmandu, Nepal.**
- The method of selection will be Quality and Cost Based Selection (QCBS), **80:20** weightage for Technical and Financial proposals respectively.
- Other details are available in the RFP document.

---

**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : न्यूरोड, पोखरा, कास्की
फोन नं.: ०४७-५२०६३२/७३३

को

## शाखा कार्यालय न्यूरोड, पोखरा, कास्कीको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/०९/०८ गते)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय न्यूरोड, पोखरा, कास्कीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८१/०६/०८ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

प्रदेश सरकार, उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय कास्कीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति: २०७५/०६/०८ मा दर्ता नं. १४४७०/०७५/०७६ कायम भई दर्ता भएको कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १८, चंखपुर स्थित **घनश्याम कृषि तथा पशुपंछी फर्म** **प्रोप्राइटरः घनश्याम तिमिल्सीना**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. लीलाधर तिम्सीनाको नाति, कुल प्रसाद तिमिल्सीनाको छोरा, कास्की जिल्ला, सराङकोट गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **घनश्याम तिम्सिना (ना.प्र.प.नं. १२३३२५, कास्की)**
२. हर्क देव तिम्सिनाको नाति, लीलाधर तिम्सिनाको छोरा, कास्की जिल्ला, सराङकोट गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **कुल प्रसाद तिम्सीना (ना.प्र.प.नं. १३४५५८, कास्की)**
३. लीलाधर तिम्सिनाको बुहारी, कुल प्रसाद तिम्सिनाको पत्नी, कास्की जिल्ला सराङकोट गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **देवका तिम्सिना (ना.प्र.प.नं. १३५०६६, कास्की)**

**धितोमा रहेको सम्पतिको विवरण**

**कुल प्रसाद तिम्सिनाको** नाममा मालपोत कार्यालय पोखरा, कास्कीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला, पदेली गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ७७० को क्षेत्रफल १७०३.०६ (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०९/०८ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय न्यूरोड, पोखरा, कास्कीबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०८१/०९/२२ गते सोमबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय न्यूरोड, पोखरा, कास्कीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०९/२३ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय न्यूरोड, पोखरा, कास्कीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय न्यूरोड, पोखरा, कास्कीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
८. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय न्यूरोड, पोखरा, कास्कीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर